जनताको एक्काइसौं शताब्दी

"जनताका समस्याहरूलाई सदृष्य तुल्याऔं
जनताको शक्तिलाई अझ सुदृढ पारौं ।"

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
कलंकी, स्युचाटार, काठमाण्डौं

जनताको एक्काइसौं शताब्दी

"जनताका समस्याहरुलाई सदृष्य तुल्याऔं
जनताको शक्तिलाई अझ सुदृढ पारौं ।"

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
पत्र मञ्जुषा २७२६, काठमाण्डौं, नेपाल
फोन २७०७७०, फ्याक्स . ९९७-१-२२६८२०

जनताको एक्काइसौं शताब्दी

Peoples plan for 21st century - PP21

पहिलो प्रकाशन

०५० पुष

प्रकाशक

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

सर्वाधिकार इन्सेकमा सुरक्षित

मूल्य रु. ५।-

Digitized By: Bimal Chandra Sharma

मुद्रक:

अल्फा अफसेट प्रेस, कोपुण्डोल

फोन नं ५२३६०४

जनताको एक्काइसौं शताब्दी

- एक्काइसौं शताब्दीका लागि जनताको योजना
- जनताको एक्काइसौं शताब्दी: दक्षिण एशियाको पहल
- मिनामाता घोषणापत्र
- रामचन्दामेननको प्रतिवद्धता
- जनताको एक्काइसौं शताब्दी: बंगलादेशी दृष्टिकोणको परिक्ष्यमा
- काठमाण्डौ पी.पी. -२१ दक्षिण एशियाली अभिप्रेरक बैठक

जनताको एक्काइसौं शताब्दी - दक्षिण एशियाको पहल:

यस क्षेत्रका चुनौति र यथार्थहरु

विश्वको पाँच भागको एक भाग जनसंख्या दक्षिण एशियाले ओगटेको छ। दक्षिण एशिया मानवीय सभ्यताको इतिहासका लागि जति समृद्ध छ। त्यति नै धनी भाषा भाषी र जाति एवं जनजातिहरुको दृष्टिबाट समृद्ध पनि छ। यस क्षेत्रमा कायम रहेको अनेकता बीचको एकता विश्व सभ्यताकै एउटा नमूनाका रुपमा रहेको छ। तर दक्षिण एशियाका समस्त जनताको एउटै प्रयासद्वारा आजसम्म त्यस्तो प्रभावकारी अभियानको भने थालनी हुन सकेको छैन। यद्यपि राज्य स्तरमा दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठनको स्थापना भएको छ। तर त्यो यस क्षेत्रका जनताले अनुभूत गरिरहेका समस्याहरुसंग परिचित देखिदैन वा त्यो आफ्नै सिमितताको वन्धनले बाँधिएको छ।

यस क्षेत्रको धेरै मुलुकमा प्रजातन्त्रिक व्यवस्था नै छन्। तर यहाँका नवोदित प्रजातान्त्रिक व्यवस्थाहरु अझ खतरामुक्त देखिदैनन्। जनतामा अझ आवश्यक चेतनाको कमी छ। अनि सरकारका काम कावार्हीहरु जनताको समष्टिगत हितमा भइरहेको भन्दा पनि वाह्य स्वार्थमा आधारित भएको पाइन्छ। त्यति मात्रै हैन जनसरकारहरुले निर्वाचित भएको दावी गरेतापनि निर्वाचनलाई मात्र सत्ता प्राप्ति गर्ने र सत्तामा टिक्ने एउटा माध्यमको रुपमा मात्र लिइएको छ।

मानवशास्त्रको कुनै पनि विधाका लागि दक्षिण एशिया दरिद्र छैन। तर आज यो क्षेत्र पृथ्वीको गरीव मानिसहरुको क्षेत्रका रुपमा गनिन्छ। यस क्षेत्रका एक करोड मानिसहरु केवल दुई छाक खानकै निम्ति संघर्षरत रहन वाध्य छन्। उनीहरुको खुसीयालीका निम्ति विद्यमान परिस्थितिमा कुनै ठोष कार्यक्रमहरु देखिदैनन्। बरु उनीहरुसंगको प्रतिस्पर्धाबाट पछारिंदै छन्। विश्वको यो विशाल दरिद्र वस्ति बहुराष्ट्रिय निगमहरुका लागि सस्तो मजदूरहरु निर्यात गर्ने क्षेत्र भएको छ। अनि यस क्षेत्रको अर्को ज्वलन्त चिन्ताको विषय हिंसा हुन पुगेको छ। युगौं पहिले यसै क्षेत्रको नेपालका गौतम वुद्धले अहिंसाको सिद्धान्त प्रतिपादित गरेका थिए। तर अहिले दक्षिण एशियामा अहिंसाको सिद्धान्तलाई गाडिएको अनुभव हुन्छ।

तर यस क्षेत्रमा परिवर्तनको चाहना पनि उक्तिकै छ। निराशाको बादल चिर्ने हिम्मत पनि उत्तिकै छ।

वैठकको पी.पी २१ मा दक्षिण एशियाको प्रतिनिधित्व गर्ने सशभागीहरुले त्यस्तो गतिलाई दक्षिण एशियासम्म पुऱ्याउने दृढता व्यक्त गरेका थिए। त्यस पछि १९९३ फेब्रुअरी १६ र १७ गते काठमाण्डौमा यस क्षेत्रका जागरुक गैरसरकारी एवं आन्दोलनमूखी गैरसरकारी संस्थाहरुको सोही विषयमा एक वैठक सम्पन्न भयो। उक्त वैठकले निम्न बमोजिमका कार्ययोजना वनाउनु पर्नेमा सहमती जनाएको थियो। -

- विविध जाति, भाषा र सम्प्रदाय वीच हार्दिकता बढाउन प्रयासरत् रहने, जातीय एवं सांम्प्रदायिक हिंसाको उन्मूलन गर्न प्रयत्नरत रहने
- वातावरण, दिगो विकास र नदिको प्रदूषण विरुद्ध चेतना बढाउन तल्लीन रहने
- आर्थिक सवालहरुमा जनतालाई सचेत तुल्याउने संरचना समायोजन कार्यक्रम (Structural Adjustment Programme–SAP) त्यसको असर र संभावित विकल्पहरु प्रस्तुत गर्ने
- आदिवासी र अल्पसंख्यक जनजातिहरुको समस्यालाई उजागर गर्ने
- सैनिकीकरण र नाभिकीय सश्त्रास्त्रमा भईरहेको जोडलाई निरुत्साहित तुल्याउने
- सबै मानवअधिकारहरु उपर जोड दिने
- सम्पूर्ण दक्षिण एशियाका जनताको भावी योजना उपर गहन विचार मन्थनको अभियान चलाउने।

उल्लेखित उद्देश्यहरुको मार्गमा अघि वढ्नका लागि नेपालको काठमाण्डौ, भारतको मद्रासमा र वंगलादेशको ढाकामा गरी पटक पटक यस क्षेत्रका प्रतिवद्ध संस्थाहरु वीच छलफलको आदान प्रदान भई सकेको छ। यस विषयमा थप छलफल र निर्णयहरु व्यापक सहभागिताद्वारा हुन सक्यो भने पी.पी. २१ वास्तवमै जनताको कार्यक्रम बन्न पुग्नेछ। पी.पी. २१ लाई एउटा भेलामा मात्र सीमित नराखी एउटा अभियानको रुपमा संचालन गरीनुपर्छ, यसलाई निरन्तरता दिनु पर्छ। दक्षिण एशियाली जनताले पी.पी. २१ को सन्देश जनताको घरदैलोमा पुऱ्याउनु पर्छ।

पी.पी. २१ को गतिलाई नेपाली धर्तीमा त्याइ पुऱ्याउने काममा सबै वर्ग र तहका सामाजिक कार्यकर्ताहरुको हैसे र होस्टेको आवस्यकता छ। तर अहिले पूर्ण आशावादी हुन सकिन्छ। विश्व जन समूदायको आफ्नै एक्काइसौ शताव्दी स्थापित गर्न हामी नेपाली पनि कटिवद्ध हुनेछौं।

प्रस्तुत पुस्तिकाको तयारीका क्रममा केही सामग्रीको अनुवाद गर्ने पद्मलाल विश्वकर्मा र गोविन्द गजुरेल धन्यवादका पात्र हुनुहुन्छ। त्यस्तै पुस्तिकाको संयोजन गर्ने प्रकाशन विभागका कुन्दन अर्यालका साथै नरनाथ लुइँटेल पनि धन्यवादका पात्र हुनुहुन्छ।

पी.पी. २१ बारेमा जानकारी प्राप्त होस भन्ने उद्देश्यले यो पुस्तिका प्रकाशित गरिएको छ।

सुशील प्याकुरेल
सदस्य, संचालक समिति
पी.पी. २१ दक्षिण एशिया

आशाको एक किरण

मिनमाताको घोषणापत्र

२४ अगस्त १९८९, मिनमाता, जापान

बीसौं शताब्दीको शुरुको नारा थियो - प्रगति ! बीसौं शताब्दीको अन्त्यको क्रन्दन चाहिं "अस्तित्व" भएको छ । अनि आगामी शताब्दीको आमन्त्रण - "आशा" ! भविष्य प्रतिको आशाले डोऱ्याएर अनि शीघ्रातीशीघ्र फलदायी समाधानको उत्कट अभिलाषा सहित हामीले एक्काइसौं शदीका जनताको लागि कार्ययोजना तैयार गर्ने निर्णायक भेला मिनमातामा शुरु गऱ्यौं ।

हाम्रो भेला मिनमातामा हुनुको आफ्नै महत्व छ । मिनमाता त्यो ठाउँ हो जो हामी सबैका लागि विनासपछिको विकासको पर्यायवाची झैं भएको छ । भोपाल र चेर्नोविलका जनतालाई जस्तै मिनमाताका जनतालाई पनि अत्याधुनिक विज्ञान, प्रविधि र उत्पादकत्वले सुसज्जित एउटा विशाल संगठनले विनासकारी त्राश, रोग र मृत्यु तर्फ धकेल्यो र उनीहरुको सुन्दर हरियालीलाई पुर्ननिर्माण हुन नसक्ने गरी विध्वंश गऱ्यो । मिनमाता, चेर्नोविल र भोपालका यी तीन प्रलयकारी विपत्तिलाई हाम्रो समयका कोशेढुंगाको रुपमा लिन सकिन्छ । मिनमातामा एउटा पूँजीवादी मुलुकको उद्योगले आफ्नै मुलुकका नागरिकहरुलाई विषाक्त तुल्यायो । भोपालमा संयुक्त राज्यको बहुराष्ट्रिय संस्थानले दक्षिणका जनतामा विष संचार गऱ्यो भने चेर्नोविलमा एउटा समाजवादी सरकारले आफ्नो भूमि र त्यहाँका जनताका साथै आफ्नो सीमापार संसारकै जनताका लागि विकिरण फैल्यायो । यहाँ आर्थिक प्रकोपका लामा र कहालीलाग्दा विवरण दोहोऱ्याइ रहनु परोइन । यी तीनोटैले एउटै कथा भन्छन् - संसारमा कुनै ठाउँ छैन जहाँ आफूलाई सुरक्षित राख्न सकियोस् ।

तर यी मात्र प्रलयले ल्याएका "प्रगति" का सूचक चाहिं होइनन् । संसार भरीका उत्पीडित जनताका लागि उनीहरुका जग्गा तथा अन्य चल अचल संपत्ति लगायतका साधनहरु हडपिने र शोषण हुने तथा उनीहरुको संपूर्ण जीवन शैली नै वर्वाद हुने र विथोलिने जस्ता खालका विपत्तिहरु पनि आउँछन् ।

महिलाहरुको लागि विकास भनेको सबै किसिमले शक्तिविहीन तुल्याइनु

भएको छ। उनीहरु पुरुष-धर्म, पुरुष-ज्ञान र विज्ञान तथा पुरुष-कुविकासद्वारा नियन्त्रित, निर्देशित तथा अपहेलित छन्। दशौं करोड डलरका यौन उत्तेजक वस्तुहरु यौन उद्यमहरुले उनीहरुलाई केवल किनबेचका सामानतुल्य तुल्याइदिएका छन्। एकातिर यस्तो स्थिति छ भने अर्कोतर्फ उनीहरुले घरभित्र बँधेरिएर बस्नु पर्ने वाध्यता यथावत छ।

तेस्रो विश्वका गरीबहरुको लागि "विकास" भनेको उनीहरुको आफ्नै स्रोत, साधन र जीवनमाथि कम भन्दा कम नियन्त्रण रहनु हो। बाँच्नको लागि उनीहरुको संघर्ष कठिनतम हुँदै गइरहेछ भने उनीहरुको अस्तित्व चाहिं अनिश्चित भएको छ। अवश्य पनि विकास र प्रगति भएको छ तर त्यो मुट्ठीभर व्यक्तिहरुका लागि मात्रै छ। बाँकी जनताहरुले विकासको निम्ति आफ्नो जीवन, संस्कृति तथा मूल्य मान्यताहरुको बली चढाउनु परिरहेछ।

विकास र प्रगति विनासकारी भएका छन् किनभने ती भौतिक उपलब्धिका साथसाथै भय र आशंकामा आधारित छन्। यस्तो विकासका देवताका रुपमा मुनाफा र शक्ति प्रतिस्थापित भएका छन्। यस विकासको पृष्ठभूमिमा मानिस सर्वोत्कृष्ठ प्राणी हो जसले प्रकृतिलाई आफ्नो ईच्छा अनुसार सदुपयोग वा दुरुपयोग गर्न सक्छ भन्ने परिकल्पनाले काम गरेको छ। विकास भनेको प्रकृतिसंग मेलजोल गरेर समन्वयात्मक ढंगले बाँच्नुको सट्टा प्रकृतिमाथि विजय हासिल गर्ने परियोजना बनेको छ।

विकासको अर्थ शक्तिको बढ्दो केन्द्रीकरण भएको छ। "प्रजातन्त्र" भन्ने शब्दको जति धेरै प्रयोग भएको छ व्यवहारमा त्यतिनै कम उतारिएको छ। उत्पीडित र अल्पसंख्यक जनजातीका निम्ति प्रजातन्त्र भनेको बहुमतमा रहेकाको अत्याचार सावित भएको छ। तेस्रो विश्वका गरीबहरुको लागि प्रजातन्त्रको अर्थ मुट्ठीभर सुविधासम्पन्न शक्तिशालीवर्गबाट गरिएको शासन भएको छ। शोषित पीडितहरुको निम्ति विकास र प्रजातन्त्र भन्ने शब्दहरु घीनलाग्दा भएका छन्। वास्तविकतामा ती शब्दहरुको अर्थ गरीबीकरण र शक्तिविहीनता भएको छ।

विकासको अर्थ विविधतायुक्त उच्चतम मूल्य र मान्यताको विनास पनि भएको छ। यसले मानिसको सिर्जनशीलता र क्रियाशील दक्षतालाई पनि रसातलमा पुऱ्याइदिएको छ।

निर्णयकर्ताहरु सीमित, झन सीमित हुँदै गइरहेछन्। आर्थिक निर्णयहरु

ठूल-ठूला उद्योगपतिहरुबाट, राजनैतिक निर्णयहरु मुलुकको राजधानीमा रहेका राष्ट्रिय राजनीतिका शक्तिकेन्द्रहरुबाट अथवा शक्तिराष्ट्रका राजधानीहरुबाट हुन्छन् भने फिल्म र टेलिभिजन उद्योगले मनोरञ्जन के हो अनि हाम्रा नायकहरु को हुन् भन्ने निर्णय गर्दछन् । हाम्रा केटाकेटीहरुलाई कस्तो शिक्षा चाहिन्छ र हामीलाई कतिजना छोराछोरी चाहिन्छ भन्ने कुरा सरकारले निर्णय गर्दछ । कुनै सरकारहरु हामीलाई गर्भपात गर्न बाध्य पार्दछन् भने कुनैले प्रतिबन्ध लगाउँछन् । कुनै सरकारले त हाम्रो धर्म समेत निर्धारण गरिदिन्छन् ।

मानव जातिको शक्ति, आत्मनिर्भरता, रचनात्मकता र यहाँ सम्म कि मानवतामै पनि ह्रास आएको छ । स-साना जनसमुदाय मात्र होइन साना र गरीब राष्ट्रहरुको आत्म निर्भरतामा कमी आएको छ । उनीहरु विश्वबजार, विश्व बैंकका नीति र शक्तिराष्ट्रका शक्तिखेलद्वारा महत्वहीन तुल्याइएका छन् ।

धनी गरीब, उत्तर र दक्षिण बीचको खाडल झन फराकिलो हुँदै गइरहेछ । गत दुई दशकमा तेस्रो विश्वबाट विगत एक शताब्दीमा भन्दा पनि बढी संपत्ति, स्रोत र साधन निकालिएको छ । आगामी दशकहरुले उत्तरमा शक्तिको केन्द्रीकरण, स्थिरीकरण र संग्रहीकरणको दिशामा झन तीब्रता देख्नु पर्नेछ । ऋण भुक्तानी, मुनाफा, राजश्व, पूँजीकरण र व्यापारका शर्तहरुमा गुणस्तरको ह्रास (व्यापार घाटा) आदि साम्राज्यवादी शोषणका ढाँचाहरुभित्र पर्दछन् । यो अन्यायपूर्ण, अश्लिल र घीनलाग्दो विकासको दक्षिणका जनतालाई उत्तरको तर्फबाट बहुसंख्यक उत्पीडित जनताको कहालीलाग्दो जीवन अवस्था, जातीय अल्पमत, फिरन्ता मजदूर र वेरोजगार जस्ता कुराहरु उपहार स्वरुप प्राप्त भएका छन् ।

बीसौं शताब्दीले संसारको विगत इतिहासलाई नै विर्साउने गरी रक्तपिपाशु युद्धहरु निम्त्याएको छ । विगतको कुनै पनि युगमा कल्पना गर्न सकिने सीमा समेत नाघ्ने गरी मानव जातिलाई संहार गर्ने प्रविधिको विकास भएको छ । राष्ट्र जो हाम्रो महान रक्षक हुनु पर्दथ्यो । त्यो महानतम भक्षक भएको छ - युद्धमा विदेशीहरुलाई मात्र होइन आफ्नै देशका नागरिकहरुलाई पनि नयाँ कीर्तिमान कायम गर्ने गरी मारेर । बीसौं शदीले अन्र्राष्ट्रियता, जनजातीयता, लिङ्गभेद, वातावरणीयताको अभ्यास अत्याधिक मात्रामा संवेदनशील रुपमै कायम राखेको छ । यस्ता अभ्यासहरु भइरहेछन् जसलाई हामीले "विकास" र "प्रगति" जस्ता नामले विभूषित गरिदिएका छौं ।

यी सबै कुराले हामीलाई के सोध्न बाध्य तुल्याएको छ भने - कहीं हाम्रो ऐतिहासिक प्रगतिका बारेमा भएको समझदारीमा गम्भीर त्रुटी त छैन ? हामीले केका लागि युद्ध गर्ने भन्ने दृष्टिकोणमा गम्भीर त्रुटी त छैन ? हामीले हाम्रा आशाहरुलाई केमा केन्द्रित गर्ने भन्ने अवधारणामा कहीं कुनै गम्भीर त्रुटी त छैन ?

मिनमाता भाषिकाको एक शब्द "जानकासवा" ले पी पी २१ का सबै सहभागीहरु बीच लोकप्रियता हासिल गऱ्यो । "जानकासवा" जसको अर्थ हो "एउटा संसार जो यस रुपमा उभिरहेको छैन " । यो शब्द अत्यन्त सुन्दर छ । मिनमातामा भएका ऱ्यालीहरुमा एउटा नयाँ गीत "जानकासवा वा होसिकायो" (हामी जानकासवा चाहन्छौं) गाइएको थियो ।

मिनमातामा भएको भेलाले हामीलाई के प्रष्ट्याइ दिएको छ भने आजको विश्व अवस्थाले मानिसहरुलाई इतिहासमा पहिलोपल्ट एउटा साझा धरातलमा साझा भाग्यमा बाँच्नु पर्ने स्थितिमा पुऱ्याएको छ । यदि हामी अस्तित्वमा रहिरहन, प्रतिष्ठाका साथ संगै बाँच्न र आपसी भेदभावहरु प्रति, फरक मान्यताहरुप्रति पारस्परिक आदरभाव राखी, एक अर्काको स्वायत्ततामा हनन नगरी र आत्म निर्णयको अधिकारमा दखल नदिइ बाँच्न चाहन्छौं भने हामी जहाँ भए पनि हामीलाई "जानकासवा" चाहिन्छ ।

यस भेलामा हामीले "जानकासवा" प्रतिको हाम्रो आकांक्षाका बारेमा छलफल गऱ्यौं । हाम्रो यो आशा त्यसै पलाएको होइन । यो केवल मृगतृष्णा मात्र पनि होइन । यसको जन्म अन्याय, अत्याचार र भ्रष्टाचारको बीचबाट भएको हो जसले हामीलाई रुवाएको छ कैयौंपल्ट निराश तुल्याएको छ । हामीले त्यस आशाका बारेमा छलफल गऱ्यौं जसले हामीलाई अन्यायका साथसाथै सामाजिक, मानवीय र वातावरणीय अवमूल्यनका विरुद्ध लड्नका निम्ति अभिप्रेरित गर्दछ । हामीले फेरि आफैंसंग प्रश्न गऱ्यौं - के यस्तो आशा गर्नका लागि हामीसंग कुनै आधार छ ?

मानव जाति मात्र होइन प्रकृति र जीवन आफैं पनि प्रदूषित हुँदै गइरहेछ । अहिले आकाश, समुद्रहरु, पहाडहरु, नदीहरु, जंगलहरु, रुख विरुवाहरु, जनावरहरु र अन्य सबै जीवित प्राणीहरु संकटग्रस्त छन्, यिनीहरु सबैको अस्तित्व खतरामा छ ।

हामी तिनीहरुको आवाज प्रष्टसंग सुन्छौं जो प्रकृतिका नजिक छन् । हामीले यो हृदयंगम गरिसकेका छौं कि हामीले मानव जीवनको पवित्रताका लागि मात्र होइन संपूर्ण प्राणी जगतको शुद्धता जोगाइ राख्न संघर्ष गर्नु परेको छ ।

हामी त्यस्तो संसारमा जन्मेका थियौं जुन दुई शत्रुतायुक्त समूहमा विभक्त छ। यदि हामी मिलीजुली बाँच्न चाहन्छौं भने हामीले यो विभाजनलाई मेटाउनै पर्छ। हामीले मिनमातामा भेट्यौं र एक अर्काको मनमा हामीलाई विभाजित राख्ने यी ढाँचा माथि विजय प्राप्त गर्ने आकांक्षा रहेको पायौं।

यसरी हामीले अन्ततः यो संकल्प गऱ्यौं - एक्काइसौं शताब्दीको निर्माण हीनताग्रस्त विकासको शक्तिबाट हुनु हुँदैन बरु त्यस्तो शक्तिसंग प्रतिरोध गर्न सक्ने शक्तिबाट हुनु पर्दछ। यस अवस्थामा मात्र आशाको किरण छ नत्र भने छैन।

सारांशमा भन्नु पर्दा यो नै एशिया-प्रशान्त क्षेत्रका दशौं लाख जनताले दिनहूँ हाम्रा आँखा सामुन्ने निर्वाह गरिरहेको जीवन हो। उनीहरु आफूमाथि भाग्यको नाममा लादिएका कुराहरु स्वीकार गर्न तैयार छैनन, उनीहरु फड्को मार्न तैयार छन् र उनीहरु फड्को मार्दै पनि छन्। हामीले जनआन्दोलनका लहर पछिका लहरहरु एक अर्काका पूरक हुँदै राष्ट्रको सीमा नाघेर उठिरहेका, फैलिइरहेका र संचारका नवीनतम आधारशीलाले गर्दा प्रोत्साहित भइ केही गरौं र तत्कालै गरौं भन्ने भावनालाई आत्मसात् गर्दै द्रुतगतिमा अघि बढीरहेका देखेका छौं। कोरियाली, फिलिपिनी र बर्मेली जनताका उच्चतम संघर्षहरुले जनताले अजय शक्ति प्रदर्शित गरेका छन्।

ग्लासनोस्तका तत्कालिन अनुभवहरुले प्रजातान्त्रिक सहभागिताको निरन्तरता र शास्वततालाई प्रमाणित गरिदिएका छन्, परम्परागत कम्युनिज्म विरोधी भावनालाई नजरअन्दाज गरिदिएका छन् अनि यसरी जनताका संघर्षहरुलाई नयाँ रुप प्रदान गरेका छन्। पेरेस्त्रोइकाले न्याय र प्रजातन्त्रको लागि जनताका संघर्षहरुलाई समर्थन गर्ने शर्तमा आर्थिक प्रतिस्पर्धालाई उच्च प्राथमिकता दिने छ।

जुनसुकै अवस्थामा पनि समाजवादी मुलुकहरुमा भएका परिवर्तनहरुले समाजवादी मुलुकमा रहेका हाम्रा दाजुभाइ दिदीबहिनीहरुसंग नयाँ ढंगले मिलीजुली पूर्व र पश्चिम बीच रहेको विभाजन माथि विजय हासिल गर्नका साथै संसारभरि भरपर्दो प्रजातान्त्रिक शक्तिको स्थापनाका लागि काम गर्ने अवसर प्रदान गर्नेछ।

यी ठूलठूला मुलुकहरुमा र स-साना मुलुकहरुमा पनि, प्रत्येक क्षेत्रमा, शहर र गाउँहरुमा जनता गतिशील छन्। र उनीहरु एकअर्काका बारे विगतमा कहिल्यै नभएको किसिमले सजग र सचेत छन्। एक अर्काको हेरविचार पुऱ्याइरहेछन्, विचारको आदान-प्रदान गर्दैछन् र अभूतपूर्वरुपमा परस्पर मेलजोल

बढाइरहेछन् । यी सबै नितान्त नवीन प्रवृत्तिहरु हुन् । यो नै हाम्रो अवस्थालाई परिभाषित गर्ने प्रमुख तत्व हो र यस भेलाको प्रमुख कारण पनि हो । "जानकासवा" हाम्रो समयका जनताको मनोभावना हो । यसैकारण हामी अन्य कुरा जे सुकै भए पनि यस शताब्दीले हामीलाई विना हिच्किचाहट यो घोषणा गर्न सक्ने अवस्थामा ल्याइपुऱ्याएको छ कि - एक्काइसौं शताब्दी आशाको शदी हुनेछ ।

आशाको लागि एउटा अर्को कारण पनि छ । वर्तमान व्यवस्था आफैंले सिर्जेका अन्तरविरोधहरुमा रुमल्लिएर आफैं जगैदेखि खोक्रो हुन थालेको छ - प्रकृतिका विरुद्ध विकास, सामूहिक सुरक्षाको आवश्यकता विरुद्ध सैनिकतन्त्र, साँस्कृतिक विविधताका विरुद्ध एकरुपता, मानव मर्यादाका विरुद्ध निर्वाशन, लुप्तप्राय मानवीय मूल्य मान्यता र महत्ता प्राप्त गर्ने मानव जातिको आकांक्षा विरुद्ध हृदयहीन उपभोक्तावाद ।

अर्थतन्त्रले यसलाई यस्ता वाहियात सीमितता तर्फ धकेली दिएको छ कि धेरै भन्दा धेरै मानिसहरु आफू निर्वासित र हराएको महसूस गरिरहेछन् । ठीक विपरीत, अर्को तर्फ संसार भरीका धेरै भन्दा धेरै मानिसहरु परस्परमा अनि प्रकृतिसंग तादात्म्य राखेर बाँच्नका लागि विविध उपायहरुको खोजीमा निरन्तर लागिरहेछन् ।

यी अन्तरविरोधहरुले भयंकर सांसारिक प्रकोपका शिकारहरु मध्येबाट नयाँ ऐतिहासिक विषयहरुलाई अघि बढाउँदै छन् जस्तै उत्पीडित जनताहरु, महिलाहरु, बेरोजगार र तथाकथित अनौपचारिक क्षेत्रमा स्व-रोजगारहरु । सुन्दर भविष्य नपाएका एकलकाटे युवाहरु र सम्बद्ध वुद्धिजीवी वर्ग पनि किसान, मजदूर र शहरी गरीबहरु जस्ता जनसमुदायका ऐतिहासिक संघर्षहरुमा सहभागी हुँदैछन् । वर्षामा च्याउ उम्रे झैं भकाभक उम्रिरहेका जनताका आन्दोलनहरुले यो आशाको सञ्चार गरिदिएका छन् कि हामी त्यस्तो समाजको सिर्जना गर्न सक्छौं जहाँ सबैजना सम्मानपूर्वक बाँच्न पाउँछन् । नवीन स्थितिहरुले हाम्रा यी आकांक्षाहरुलाई मलजल प्रदान गरेका छन् । हामीसंग ज्ञान छ र प्रविधि पनि छ । हामीसंग जनस्तरका संगठनहरु पनि छन्, जनताका मूल्य मान्यता तथा मौलिक चिन्तन पुनः स्वीकारिएका, पुनः पत्ता लगाइएका छन् र वर्तमान विकास व्यवस्थाको ढाँचाद्वारा सामूहिक आत्महत्या गर्न वाध्य पारिएको स्थितिको सामना गर्दै अस्तित्वको निम्ति

संघर्ष गर्न नवीन रुपमा परिमार्जित गरिएका छन् ।

भूमण्डलीय स्थितिको समानान्तर वैकल्पिक संकटावस्थाका आफ्नै समानताहरु छन् - साझा अभिरुचि, साझा मूल्य मान्यता र साझा हाँकहरु जसले सबै शोषित पीडित जनता र समुदायहरुलाई संसारमा भौतिक रुपले एकै ठाउँमा गाँसी दिएका छन् । विकास, बहुराष्ट्रिय कंपनीहरु र अभिजातवर्गको शक्तिको तर्कका विरुद्ध एउटा नयाँ तर्क अघि बढिरहेछ । यो नै "बहुसंख्यकको तर्क" हो र सत्य हो । यहाँ उल्लेख गरिएको "बहुसंख्यक" शब्दले चुनाव र भोटबाट प्राप्त बहुमतलाई जनाउँदैन बरु संसारको बहुमतलाई जनाउँछ जो सबभन्दा बढी उत्पीडित छ । यसको निम्ति उनीहरु अवश्यमेव अधिकारसम्पन्न हुनुपर्छ र यसको निम्ति नयाँ किसिमले प्राथमिकताहरुको निर्धारण हुनुपर्छ जसको आधारशीला मानवीय मूल्य, मान्यता, प्राकृतिक सांस्कृतिक, लैङ्गिक, उत्पीडित जनता र अन्य जनजातीहरुको पारस्परिक सद्भावमा निर्भर रहनेछ ।

यी लोकप्रिय स्थानीय, राष्ट्रिय, क्षेत्रीय संघर्षहरुको माध्यमबाट साझा शत्रुको विरुद्ध लड्नका निमित्त एउटा नयाँ अन्तर्राष्ट्रियवाद जन्मदैंछ । यी नयाँ अभियानहरु राष्ट्रको भूमिकाका विषयमा भएको एउटा विशिष्ट अन्तर्विरोधका सन्दर्भमा हुर्कदै छन्, फस्टाउँदै छन् । हाम्रो क्षेत्र बहुराष्ट्रिय पूँजीद्वारा संगठित हुँदैछ जसले अत्यन्त दूरदराजमा छरपष्ट भएर रहेका र जातीय तथा सांस्कृतिक विविधतायुक्त जनताहरुलाई एउटा एकीकृत र श्रृंखलाबद्ध श्रम विभाजन अन्तर्गत एकै ठाउँमा जम्मा गरिरहेछ जसमा किसानहरु, मजदूरहरु, उत्पीडित जनताहरु र महिलाहरुलाई हेय दृष्टिकोणले हेरिन्छ । राज्यहरु आफ्नो भूभाग भित्र बहुराष्ट्रिय पूँजी भित्र्याउने काममा मध्यस्थता गर्ने यी एजेन्सीहरुलाई संस्थागत रुपमा विकसित गर्न भगीरथ प्रयत्न गर्दैछन् । ठीक यसैबेला अर्थतन्त्रको अन्तर्राष्ट्रियकरणले राष्ट्रको आधारलाई नै अवमूल्यन गर्दैछ । यसले गर्दा उनीहरुले गरेका सार्वभौमसत्ता र सुरक्षाका रक्षक रुपी ढोंगहरु माथि नै प्रश्नचिन्ह खडा भएकाले गर्दा उनीहरुको कानूनी आधार नै कमजोर भएबाट जनताका लागि नयाँ अवसरहरु सिर्जना गरी भित्र्याउने मौका मिलेको छ । राज्यहरु दमन र हिंसाको माध्यमबाट आफ्नो सुरक्षा खोज्दछन् जुन कुरो हामी आज धेरै मुलुकहरुमा देख्दछौं अथवा, जस्तो जापानको सन्दर्भमा जनताको मन मष्तिस्कमा पुरातनपन्थी विचारधाराको विजारोपण गर्ने भगीरथ प्रयत्न ।

ठीक यसै प्रक्रियाद्वारा जापानमा विकासको इञ्जिन अत्यन्त तातेको छ र यो कुनै नियन्त्रण विना व्यापक रुपमा सञ्चालन भइरहेछ र अवरुद्ध अर्थतन्त्रको विकास गरिरहेछ। जापानीहरु अत्यन्त उत्साहका साथ अत्यन्त कठिन रुपले व्यवस्थित अवस्थामा काम गर्दछन् जब कि उनीहरु पूर्णत: शक्तिहीन छन्। जापानी अर्थतन्त्रले त्यहाँका जनतालाई सशक्त बनाउँदैन बरु उनीहरुलाई अशक्त र विभाजित बनाउन खोज्दछ। र यसले पनि आफ्नो सीमारेखा भित्रै एउटा "उत्तर" र एउटा "दक्षिण" जन्माएको छ। "दक्षिण" अन्तर्गत दशौं लाख न्यूनवेतन भोगी महिला, आँशिक कामदारहरु, करारमा काम गर्ने मजदूरहरु, दैनिक ज्यालादारी मजदूरहरु र दिनहूँ बढ्दो संख्यामा आइरहेका दक्षिण र दक्षिणपूर्वी एशियाका आप्रवासी कामदारहरुका साथै ती किसानहरु पनि पर्दछन् जो छिटोछिटो महत्वहीन हुँदैछन्।

जनताबाट खोसेर विकृत बनाइएका अनेकौं शब्द मध्ये एउटा शब्द हो - "प्रजातन्त्र"। मूल अर्थमा प्रजातन्त्रको अर्थ स्वायत्तता, आत्म निर्णय र जनताको सर्वोच्च शक्ति भन्ने लाग्दथ्यो। तर तेस्रो विश्वका बहुसंख्यक जनताका लागि यो अब राज्य आतंक र उत्पीडिनलाई ढाकछोप गरी "जनताको सरकार" को मुखुण्डो भिरेको केवल हात्तिका देखाउने दाँत मात्र सावित भएको छ जसले राज्यलाई कानूनी सरकारको भ्रम दिई शक्ति राष्ट्रको सेवामा अर्पण गर्ने बहाना प्रदान गर्दछ। उत्पीडित जनताहरु र अरु अल्पसंख्यक जनजातीका लागि प्रजातन्त्र भनेको "बहुमतको शासन" को सिद्धान्त भएको छ र जसले उनीहरुलाई कानूनी रुपमा नै पाखा लगाउनको लागि "अल्पसंख्यक" को रुपमा परिभाषित गरेको छ।

अर्कोतिर प्रजातन्त्र त्यस्तो विषय वस्तु भएको छ जसको प्राप्तिको लागि एशिया -प्रशान्त क्षेत्रका दशौं लाख जनता लडिरहेका छन् र मरिरहेका छन्। हामीले जनताको संघर्षमा सघाउ पुऱ्याउन सही प्रजातन्त्रको पुन: प्राप्ति गर्नै परेको छ। हामीले यो प्रस्थापनाका साथ काम शुरु गर्नु पर्छ कि राज्य र ती संस्थाहरु जसले "प्रजातन्त्र" लाई संवैधानिक बनाउने बहाना गर्दछन्, उनीहरुले हामीलाई शान्ति, न्याय, सुरक्षा र प्रतिष्ठापूर्ण जीवन दिन अथवा वातावरणीय विनासको अन्त्य गर्न सक्लान् भनी भर पर्न सकिन्न । केवल जनताका आत्मनिर्भर र स्वतन्त्र आन्दोलनहरुले मात्र यसो गर्न सक्छन्। र यहाँ हामी यो कुरामा विशेष जोड दिन चाहन्छौं कि हामी त्यो प्रजातन्त्रका बारेमा कुरा गर्दैछौं जसले मानवअधिकारको

साथै उत्पीडित जनता तथा अन्य अल्पसंख्यक जनजातिका मौलिक हक पाउने स्वतन्त्रताको कदर गर्दछ ।

त्यसैगरी, प्रजातन्त्र अब राज्यको सीमितता भित्र प्राप्त गर्न सकिंदैन । आजको विश्वमा दशौं लाख जनताको भाग्य उनीहरुको सम्प्रदाय भन्दा बाहिरबाट अझ उनीहरुको राष्ट्रकै बाहिरबाट गरिएका निर्णयहरुद्वारा नियन्त्रित, छरपष्ट, विगारिएका र ध्वंश गरिएका छन् । यी निर्णयहरु विदेशी सरकारहरुबाट, अन्तर्राष्ट्रिय निगमहरुबाट, अन्तर्राष्ट्रिय मुद्राकोष, विश्व बैंक तथा शक्तिसम्पन्न राष्ट्रका शिखर सम्मेलनबाट गरिएका छन् ।

यसर्थ, हामी यो घोषणा गर्दछौं कि संपूर्ण जनता खास गरेर उत्पीडित जनताको जीवनमाथि प्रत्यक्ष असर पर्ने ती निर्णयहरु जहाँसुकै भएका भए तापनि ती जनतामा त्यस्ता निर्णय कार्यान्वयनको आलोचना गर्ने, विरोध गर्ने, प्रतिरोध गर्ने प्राकृतिक र साश्वत हक सुरक्षित छ । हामी यो पनि घोषणा गर्दछौं कि यो अधिकार जनताको अधिकार भएकाले राज्यबाट स्थापित कृत्रिम कानून वा संस्था भन्दा पनि जनताकै आधारभूत अधिकार भित्र पर्ने कुरा हो । हामी यो पनि घोषणा गर्दछौं कि यस अधिकारको अर्थ जनताले आफूलाई नोक्सान पुऱ्याउने, होच्याउने र अधिकारविहीन पार्ने शक्ति खोसेर आफ्नो हकमाथि कब्जा गर्ने संघर्ष अघि बढाउनका लागि राष्ट्रको, समाजको सबै खालको सीमा रेखाहरुलाई पार गर्न पाउने अधिकार पनि हो ।

हामी के कुरा पनि प्रष्ट पार्न चाहन्छौं भने यस अधिकारको अर्थ कदापि शक्तिशालीहरुले अर्काको सीमा नाघी जनताको शोषण, उत्पीडन गरेर सर्वहारा बनाउन पाउने क्रियाकलापका रुपमा अर्थ्याइनु हुन्न, परिभाषित गरिनु हुन्न । यसको विपरीत हामी यस कुरामा जोड दिन चाहन्छौं कि जनतासंग त्यस्ता खालका बारम्बार भइरहने घुसपैठहरुलाई प्रतिरोध गर्ने अधिकार छ ।

हामी यो पनि स्वीकार गर्दछौं कि विजित जनताहरुले आत्मनिर्णय स्वतन्त्रता प्रति र उनीहरुको आफ्नै सरकार बनाउनका लागि अथवा सरकार बदल्न वा सरकारका काम कार्यवाहीमा सुधार गराउनका लागि गरेका संघर्षहरु अत्यन्त संवेदनशील हुन्छन् । अनि त्यसैगरी हामी विश्वास गर्दछौं कि अन्ततोगत्वा जनताका सीमारहित राजनैतिक क्रियाकलापहरु जसले राज्यलाई नजरअन्दाज गर्दछ र अन्तर्राष्ट्रिय पूँजीलाई चुनौति दिन्छ, यसैले नै एक्काइसौं शदीको निर्माण गर्नेछ

जसमाथि हाम्रो ठूलो आशा भरोसा छ ।

एशिया-प्रशान्त क्षेत्रका जनताको वर्तमान अवस्था बारे हामीलाई कुनै भ्रम छैन । सत्ताधारी शक्तिहरु जनतालाई विभाजन गर्दै र एकअर्काका विरुद्ध जाई लाग्न अभिप्रेरित गर्दै आफ्नो वर्चश्व कायम राखी आएका छन् । शासकहरु हामीमाथि शासन मात्रै गर्न चाहँदैनन् बरु हाम्रा पारस्परिक सम्बन्धहरु बारे हामी आफैंले निर्णय गर्न पाउनु पर्ने अधिकारबाट समेत बञ्चित गरी उनीहरुले नै निर्धारण गरिदिए बमोजिम होओस् भन्ने चाहन्छन् । यी कुराको हामीले बहिष्कार गर्नै पर्दछ र यस्ता कुरामाथि विजय हासिल गर्नै पर्छ । सीमापारका राजनैतिक गतिविधि, सहयोग र अन्य राष्ट्रहरु बीच ऐक्यवद्धता अभियानको माध्यमबाट विस्तारै नयाँ "जनता" को विकास हुनेछ जसले उत्तर र दक्षिणमा बस्ने जनता बीचको वर्तमान विभाजनलाई कम गरी अत्यन्त सुमधुर अवस्थामा पुऱ्याउनेछ ।

यो कुनै परिकल्पना होइन । यी गतिविधिहरु जसको बारेमा हामी वर्णन गर्दैछौं एशिया-प्रशान्त क्षेत्र मात्र होइन सारा संसार भरि नै संचालन भइरहेछन् । हामी के कुरामा जोड दिन चाहन्छौं भने यी सीमा बन्धन मुक्त क्रियाकलापहरु अत्यन्त गम्भीर परिस्थितिहरु प्रति जनताका सामान्य प्रतिक्रिया मात्र होइनन् । समग्र रुपमा, यी सबै कुराहरु मिलाएर जनताहरु सामूहिक रुपमा उनीहरुको आफ्नै एक्काइसौं शताव्दी निर्माण गरिरहेकाछन् ।

राजचन्दामेननको प्रतिवद्धता (वैंकक घोषणा)
वैंकक, १० डिसेम्बर १९९२

प्रस्तावना

हामी "एक्काइसौं शदीका लागि जनताका कार्य-योजना" (पी पी २१) का ५०० भन्दा बढी थाइ र विदेशी सहभागीहरु जो सबै क्षेत्र र महादेश गरी ४६ देशका राष्ट्रिय क्षेत्रीय र अन्तर्राष्ट्रिय गैर सरकारी संस्था र सोलिडारिटी (ऐक्यवद्ध) समूहहरुको साथै जनआन्दोलन तथा आधारशीला निर्माण कार्यको प्रतिनिधित्व गर्दछौं। हामीले वैंककमा १९९२ डिसेम्बर ६ देखि १० तारिखसम्म वैठक गऱ्यौं। हामी यहाँ संघर्षरत जनताहरुको सीमामुक्त, ऐक्यवद्ध र आशाको सम्बन्ध प्रतिको वचनवद्धतालाई दोहोऱ्याउन र नवीकरण गर्न पुन: भेला भएका छौं। हामी यहाँ मिनमाता घोषणापत्र १९८९ प्रतिको प्रतिवद्धता जाहेर गर्ने जोश र जाँगरका साथ भेला भएका छौं जसले पी पी २१ लाई जन्मायो।

मिनमातामा भएको स्थानीय, राष्ट्रिय, क्षेत्रीय र अन्तर महादेशीय स्तरको जनता-जनता बीचको सन्धि र त्यसको कार्यान्वयन प्रक्रिया राष्ट्रिय र सांस्कृतिक सीमा भन्दा माथि उठेको महसूस गरिएको छ। यस प्रक्रियाका कोशे ढुंगाका रुपमा गरीबहरुको बीचमा निरन्तर बढ्दै गैरहेको सुमधुर सम्बन्ध अमेरिकामा काला र अन्य जनताहरुको प्रतिरोध आन्दोलन र मध्य अमेरिकामा एउटा समूहको स्थापना आदि रहेका छन्।

हामीले आपसमा विभिन्न महिला मजदूर, किसान, युवा विद्यार्थी, उत्पीडित गरीब जनताहरु, शहरी गरीबहरु, शान्ति र मानवअधिकारवादी कार्यकर्ता र प्रवक्ताका रुपमा, सहभागी प्रजातान्त्रिक शक्तिका रुपमा भेटेका छौं। वातावरणीय दृष्टिले उपयुक्त जनस्तरका विकास, वैकल्पिक संस्कृति र विनासवादी पर्यटन वा होटल विकासका विरुद्ध संघर्षरत कार्यकर्ताका रुपमा भेटघाट र अनुभव, विचारहरु र कार्य योजनाहरु थाइल्याण्डका विभिन्न भागमा सम्पन्न क्षेत्रीय र बहुक्षेत्रीय क्रियाकलापहरु सञ्चालन गर्दै आयौं। अन्तिम निस्कर्षको रुपमा वैंककमा भएको मुख्य फोरमसम्म आइपुग्दा हामीले हाम्रो जीवन र संघर्षका अनुभवहरुलाई विभिन्न

रुपमा आदान प्रदान गर्यौं । कविता, गीत, नाच, नाटक र अन्य श्रव्य दृष्य प्रदर्शनीहरु हाम्रो अभिव्यक्तिका माध्यम बने ।

पी पी २१ : मिनमाता देखि वैंककसम्म

आशाको सन्धिलाई नवीकरण गर्दै "एक्काइसौं शदीको लागि जनताको योजना" पी पी २१ थाइलैण्डमा अन्तर्राष्ट्रिय र राष्ट्रिय परिवर्तनले तीब्र गति लिइरहेको अवस्थामा भइरहेछ जसले हाम्रो अस्तित्वको धरातललाई नै हाँक दिएको छ ।

सोभियत संघको विघटन भएको छ । अन्तर्राष्ट्रिय पूँजीवादी व्यवस्था अझ मिचाहा भएको छ । विगतमा कहिल्यै नभएको अन्तर्राष्ट्रिय केन्द्रीकृत शक्ति अमेरीका र यससंग सम्बद्ध सात देशहरुको समूहले उपभोग गरिरहेछ । राजनैतिक संस्थाहरु आर्थिक स्रोत र साधन (कच्चा पदार्थ) सैन्य शक्ति, सूचना, प्राविधिक उत्पादन र प्रक्रिया आदि सबै कुराको एकलौटी नियन्त्रण र अभ्यास गर्ने अवसर पाएको छ । अन्तर्राष्ट्रिय मुद्रा कोष, विश्व वैंक र एशियाली विकास वैंक जस्ता संस्थाहरु एकजुट भई खुल्ला बजारको नाममा बहुराष्ट्रिय संस्थानहरुको थिचोमिचोलाई टेवा पुऱ्याउन उत्पीडित र अल्पसंख्यक जनसमुदायको अस्तित्व तथा आधारभूत आवश्यकता प्रति पूर्णत गैर जिम्मेवारीपूर्ण ढंगले काम गरिरहेछन् । संयुक्त राष्ट्र संघ खासगरी सुरक्षा परिषद अमेरिकी वैदेशिक नीतिको हतियारको रुपमा परिणत भएको छ भन्ने कुरा खाडी युद्ध र त्यसपछिका समान घटनाहरुले प्रमाणित गरिदिएका छन् ।

यस विश्वव्यापी हैकमवाद राष्ट्रिय नियन्त्रण र हैकमको एउटा अंग हो जसले जीवनका विभिन्न अवस्थाहरुमा प्रभावित तुल्याइरहेको छ । यस क्षेत्रका अधिकांश मुलुकहरु विश्वव्यापी शक्ति केन्द्रहरुद्वारा घाँटीसम्म आउने गरी सैन्यवलले सुसज्जित छन् जसले नागरिक समाजको उन्नतिलाई निस्सासिने अवस्थामा पुऱ्याएका छन् । प्रजातन्त्रको वास्तविक अर्थलाई बंग्याएर संकेतहरु र संस्कारहरुको व्यवस्थाको रुपमा प्रस्तुत गरिएको छ ।

जनताका आधारभूत राजनैतिक र नागरिक अधिकारहरुलाई वारम्बार लत्याइँदैछ, अस्वीकार गरिंदैछ । यसरी जनताको अधिकार हनन संभवत सैनिक

शासन अन्तरगत रहेका मुलुकहरुमा निर्लज्ज ढंगले गरिएको देखिन्छ तर एकतन्त्रीय शासन व्यवस्था भएमा मुलुकहरुमा पनि मानवताको मुखुण्डो लगाएर परेड खेल्ने शासकहरुले बढी नभए पनि समान रुपमै समाजलाई विध्वंश गर्दैछन् ।

यहाँ जतातते गरीबी छ र श्रम तथा वातावरणको निर्लज्ज शोषण भइरहेछ । महिलाहरुलाई महत्वहीन ठान्ने प्रवृत्तिमा अलिकति पनि ह्रास भएको छैन र उनीहरुका विरुद्धमा आक्रमणमा वृद्धि नै भइरहेछ । एशिया प्रशान्त क्षेत्रका धेरै मुलुकका शक्ति सम्पन्न सामाजिक समूहहरु शक्तिसत्ताको निरन्तरता र मुनाफाको सिद्धान्तमा जोड दिन्छन् । जनताको आधारभूत आवश्यकता र मौलिक अधिकारको मूल्यमा अन्तर्राष्ट्रिय पूँजी र पैठारीमूलक औद्योगिकीकरणको मृत्युन्मुखी पकडमा रहेका हाम्रा मुलुकहरु जसलाई "आर्थिक जादूको"रुपमा परिभाषित गरिदैछ यसले गरीबहरुको लागि अझ दु:ख र गरीबी ल्याउँछ ।

तर हामीले निराश हुनुपर्ने कुनै कारण छैन । हामीलाई थाहा छ, अन्यायपूर्ण ढाँचाहरु ती स्थानीय, राष्ट्रिय वा अन्तर्राष्ट्रिय जुनसुकै स्तरका भए पनि एक दिन अवश्य छिन्न भिन्न हुनेछन् र अन्तत: समाप्त हुनेछन् । तिनीहरु टिकाउ हुन सक्तैनन् । हाम्रो विश्वास कोरा भावनाबाट जन्मिएको होइन । न्यायपूर्ण मानवतावादी भविष्य प्रतिको हाम्रो आस्था कुनै दिवास्वप्नको परिणति अवश्य पनि होइन । मिनमाता पछिका विगतका तीन वर्षहरुमा हामीले हाम्रा संघर्षहरु माथिल्ला चरणहरुमा विकसित हुँदै गरेका देखेका छौं ।

सात महिना अघि, निहत्था जनताहरुले बन्दुक र ट्यांकका विरुद्ध प्रजातन्त्र प्राप्तिका लागि युद्धको शंखनाद गरे । यस देशका जनता शहरका गल्ली गल्ली, चोक-चोक, गाउँ-गाउँबाट निस्किए । जब उनीहरुले राज्य यन्त्रका विरुद्ध हाँक दिए उनीहरुले एकपल्ट फेरि जनताको लोकप्रिय अहिंसात्मक संघर्षको शक्ति प्रदर्शन गरे । रगत र आँशुका माध्यमबाट उनीहरुले फेरि आफ्नो नैतिक साहस र सहभागी प्रजातन्त्र प्रतिको आफ्नो प्रतिवद्धता प्रदर्शित गरे । यस प्रक्रियामा उनीहरुले जनतामा अन्तर्निहित प्रतिष्ठालाई पुन: महसुस गराए र आफ्नो शक्ति पुनप्राप्ति गरे ।

हामीले उत्पीडन र हिंसाका विरुद्ध महिलाहरुको दीर्घकालीन संघर्षको अनुभव हासिल गर्यौं, उत्पीडित जनताको अस्तित्वको लागि, आफ्ना सांस्कृतिक एवम् जन जातीय पहिचानको लागि र प्रकृति तथा मानवता बीच सुमधुर

सम्बन्धका लागि, किसानहरुले आफ्नो जमिनका लागि, मजदूरहरुले अधिक न्याय एवम् मानवीय कामको अवस्थाका लागि, शहरी गरीबहरुले आश्रयको अधिकारको लागि, युवा र विद्यार्थीहरुले न्यायपूर्ण र प्रजातान्त्रिक समाजको लागि समग्र स्थानीय र उत्पीडित जनसमुदायहरु भोग विलासयुक्त पर्यटन व्यवसायका विरुद्ध र जनता अल्पकालीन विकास, ढाँचा र कार्यक्रम मिनमाता सम्मेलन देखि यता संभवत यो यस क्षेत्रमा जनताको शक्ति प्रदर्शनको सबभन्दा नाटकीय चित्र थियो, ।

यसका अतिरिक्त वंगलादेश र नेपालमा सन् १९९० मा एकतन्त्रीय र सैनिक शासनका विरुद्ध प्रजातान्त्रिक संघर्षहरु सफलतापूर्वक संचालन भए । निरन्तर चलिरहेको वर्मेली जनताको अत्याचारी सैनिक शासनका विरुद्धको दीर्घकालीन संघर्ष अन्तर्राष्ट्रिय समर्थन र न्यायको निम्ति आवाज दिइरहेछ । फिलिपिन्समा सेप्टेम्बर १६, १९९१ का दिन आर पी - यू एस सैनिक आधार सन्धिको अस्वीकार पछि एशिया प्रशान्त क्षेत्रको शान्तिको प्रमुख वाधक तत्व हटेको छ ।

यी सबै घटनाहरु जनताको चेतनामा आएको जागरणको प्रमाण हो, वर्तमान व्यवस्थाको अन्यायपूर्ण र भेदभावपूर्ण नीतिको परिणाम स्वरुप देखा परेको हाम्रो हृदयको आन्दोलित धडकन हो । प्रत्येक संघर्षहरुले जनता आफैं आफ्नो भाग्य निर्माण गर्न सक्षम छन् भन्ने प्रदर्शन गर्दछन् । यो नै इतिहासको प्रवाहलाई भिन्न ढंगमा प्रवाहित गर्न सक्ने आफ्नो क्षमताप्रति हाम्रो आत्मविश्वासको प्रमाण हो जसले त्यो आत्मविश्वासलाई दृढतर बनाउँछ ।

एशिया-प्रशान्त क्षेत्र भित्रका वास्तविकताका यी संघर्षहरुको मुख्य विशेषता के रहेको छ भने तिनीहरुले जीवन प्रतिको महान् प्रतिवद्धता माथि जोड दिन्छन् । यस प्रतिवद्धताको ठूलो महत्व छ किनभने एशिया त्यो महादेश हो जसले विश्वका प्रमुख नैतिक र अलौकिक परम्पराहरुलाई जन्माएको छ । यसैगरी यी संघर्षहरुले एशिया-प्रशान्त क्षेत्रमा उत्पीडित जनताका सांस्कृतिक मूल्य, मान्यता र परम्पराहरुको महत्ता र आवश्यकतालाई औंल्याइदिएका छन् । यी सबै परम्पराको केन्द्रविन्दुमा जीवन र जीवनपद्धति प्रतिको दूरगामी दृष्टिोण छ जसलाई न्याय, प्रेम र सद्भावले निर्देशित गरेको छ । त्यसप्रति लगाम लगाउनु पर्ने अपरिहार्य आवश्यकता र परम्पराहरुको पुनर्व्याख्या मात्र त्यहाँको खाँचो हो । यो नै त्यो पुनर्व्याख्या हो जसले गरीब र उत्पीडितहरुको मानवतावाद पुनः प्राप्त गर्ने

संघर्षलाई प्रतिध्वनित गर्दछ ।

हाम्रो मानवतावादलाई पुन: प्राप्त गर्नु भनेको परिवार, समाज, राष्ट्र र अन्तर्राष्ट्रिय स्तरमा रहेका अन्यायपूर्ण सम्बन्धहरुलाई नष्ट गर्नु हो जसले हामीलाई अमानवीय बनाएको छ र हामीलाई सम्पत्ति र शक्तिको दास तुल्याएको छ । यसले हाम्रो सहभागी प्रजातन्त्रको स्थापना र समुचित विकासलाई प्रोत्साहित गर्नका लागि संयुक्त प्रयासको खाँचो रहेको छ भन्ने देखाउँछ । यसले जनवर्गीय संगठनहरु बीच सहयोगको निर्माण गर्ने काममा जन स्तरमा अभिरुचि र पूर्वाधारहरुको अभिवृद्धि गर्ने खाँचो टड्कारो रहेको देखिन्छ । यसले सीमापारका सम्बन्धहरु क्षेत्रीय र अन्तर्राष्ट्रिय स्तरमा विकसित भई वातावरणीय दृष्टिले दीर्घकालीन, समानुपातिक र लिंग भेदरहीत समाजको सिर्जनाका लागि जनताका संघर्षलाई टेवा पुऱ्याउने आवश्यकतामाथि जोड दिन्छ ।

सम्बन्ध निर्माण

सम्बन्ध निर्माणको काम पी पी २१ का दीर्घकालीन लक्ष तर्फ उन्मुख छ । अर्को शब्दमा आशाको सम्बन्ध संसारभरीका जनताको त्यो शक्ति हो जो अन्यायपूर्ण र असमान विश्वको शक्तिसंग भिड्नेछ र विजय हासिल गर्नेछ । यस्तो शक्ति निर्माण गर्नका लागि हामीले जनस्तर, स्थानीय, राष्ट्रिय, क्षेत्रीय र विश्वस्तरमै संचालित जनताका लागि आन्दोलन प्रति सुमधुर सम्बन्ध स्थापना गर्न कठीन मिहेनत गर्न आवश्यक छ ।

यो सम्बन्धको आधार जनता जनता माझ मित्रता र साझेदारीको संस्कृति बीचको समझदारीमा निर्भर रहेको छ जो राज्य र क्षेत्रको सीमा र संगठनात्मक अभिरुचि भन्दा पनि माथि उठेर उच्च स्तरमा विकसित भएको छ । यसले हामीबाट एक अर्काको संघर्षबाट र हाम्रो समाजमा विद्यमान तथा सुधार तर्फ अग्रसर सम्बन्ध र समझदारीबाट सिक्ने प्रवृतिको विकास हुनेछ भन्ने अपेक्षा राख्दछ । हामीले आपसमा भावनात्मक सम्बन्ध राख्नका लागि मात्र होइन व्यक्तिगत सम्बन्ध समेत विकास गर्नका लागि एक अर्काको संस्कृति र अनुभवहरु प्रति खुल्ला तथा सकारात्मक हुनु पर्दछ । अरुबाट मात्र सहयोगको अपेक्षा नराखी आफूले पनि सहयोग दिने र योगदान पुऱ्याउनु पर्दछ । जनताबीचको भाषा र संचारलाई अर्थपूर्ण

बनाउने र सबै स्तरबाट प्राप्त हुने अभिरुची तथा विकल्पहरु प्रति सकारात्मक हुनुपर्ने जस्ता हाँकहरुको सामना गर्नु पर्दछ ।

पी पी २१ जनता र जनवर्गीय संगठनहरुको सहभागिता तथा अग्रसारितामा आधारित छ । यो हामीबीच सम्बन्ध निर्माणको सार तत्व हो । जहाँ हामी जनताका क्रियाकलापहरु केमा आधारित छन् भन्ने ठोस विषय वस्तुलाई अनुमोदन र प्रोत्साहित गर्नेछौं ।

हामी पी पी २१ थाइलैण्ड १९९२ का सहभागीका हैसियतले, विभिन्न क्षेत्रीय तथा वैचारिक मञ्चहरुमा मुख्य फोरम भन्दा अगावै स्वीकृत गरिएका प्रस्तावहरु र कार्ययोजनाहरुलई अनुमोदन गर्दछौं । यसका साथै हामीले हाम्रो लागि निम्न कुराहरुमा सहमति जनाएका छौं ।

सूचनाको आदान-प्रदान र प्रवाह

हामीले हाम्रो वरिपरि घटेका घटनाहरुको बारेमा अझ बढी जानकारी राख्नु आवश्यक छ । हामीले द्रूतगतिमा बदलिरहेका वास्तविकता, प्रवृत्ति र मोडहरुका सम्पूर्ण आयामहरुका बारेमा पूर्ण र ताजा जानकारी विभिन्न कारणहरुले गर्दा राख्नु पर्दछ । एउटा कारण, हामीहरु सूचनाबाट झनझन विमुख हुँदै गैरहेछौं र हाम्रो पहुँच सटिक सूचनासम्म नपुगोस् भन्नाको खातिर सचेत प्रयत्नहरु भइरहेछन् । अर्को कारण, हाम्रो गाउँघरमा, समाजमा र क्षेत्रमा समेत काम गर्ने सम्बन्धी नियन्त्रित प्रक्रियाहरु क्रियासील छन् जसको विरुद्ध अन्तर्राष्ट्रिय स्तरमा मात्र संघर्ष छेड्न सकिन्छ । यसका अतिरिक्त, हामीले एक अर्काको ज्ञान, अनुभव र संघर्षबाट सिक्नु परेको छ साथै खारिनु परेको छ । यी सबै कुराले हामीलाई अझ निकट तुल्याउँछन् र हाम्रा आ-आफ्ना संघर्षहरुलाई पारस्परिक रुपमा अभिवृद्धि गर्न एकीकृत सामुदायिक प्रयासका माग तर्फ उन्मुख गराउँछन् ।

सूचनाको प्रवाहलाई केवल यान्त्रिक परिवर्तनको प्रक्रियाको रुपमा हेरिनु हुन्न किनकी यी विषयका जटिलताहरुले गर्दा जनताको जीवनमा प्रत्यक्ष र दूरगामी प्रभाव पर्दछ । विचारहरु जनताबाट प्रस्फुटित हुन्छन् र हामीले आफ्ना विचारहरु जनतामाथि नथोपर्ने तर्फ सचेष्ट हुनु आवश्यक छ । यसका अतिरिक्त हामीले यस कुरा तर्फ पनि चनाखो हुनुपर्दछ कि जनताका विचार र विश्लेषण केवल कागजमा

मात्र खुम्चिएर नरहुन् । समुचित सूचना प्रवाहका रणनीति कार्यान्वयन गरिनु आवश्यक छ जसले गर्दा सम्बन्धित क्षेत्र आफ्नै सूचना आधारको प्रयोग गर्न सकोस् साथै यस्तो विश्लेषण र सूचना प्राप्त गर्न सकोस् जसलाई जनताको भाषामा कार्यान्वयनका उद्देश्य सहित सरलीकृत रुपमा प्रस्तुत गर्न सकियोस् ।

मुख्य फोरमका बीच सहभागीहरुले सूचनाको आदान प्रदानका साथै सूचना प्रवाहको आवश्यकताका विविध पक्षहरु बारे विस्तृत छलफल र विचार प्रकट गरे । अरु कुराका साथै छलफलमा यी कुराहरु मुख्य रुपमा उठे -

- कृषि नगदेबाली, लागु पदार्थ र औषधिमूलोहरु, तथा सम्बन्धित क्षेत्रका बहुसंख्यक जनताहरुमाथि जैविक प्रविधिको व्यापक प्रभाव ।
- सम्बन्धित क्षेत्रमा सेवारत गैर सरकारी संस्थाहरुको अभिलेख र तिनीहरुको शीप, स्रोत साधन तथा सरोकारका क्षेत्रहरु ।
- देह व्यापार र उद्योग ।
- अनुदान, व्यापार, ऋण र ढाँचागत मिलान ।
- वातावरणीय विषयहरु जो प्रत्यक्षत: विकास र दीर्घकालीन सन्तुलनसंग सम्बन्धित छन् ।

गुटबन्दी, समर्थन र ऐक्यवद्धता

अन्तर्राष्ट्रिय संस्थानहरु र सरकारहरुले जनताका आधारभूत अधिकारहरु विकसित गर्ने र आधारभूत आवश्यकता परिपूर्ति गर्ने जिम्मेवारी लिनु पर्ने खाँचो बारे निरन्तर प्रश्न उठाइरहियो ।

ऐक्यवद्धता जनाउनु पर्ने विभिन्न विषयहरु मध्ये स्वतन्त्र रुपले संगठन गर्न पाउने अधिकार, मानवअधिकारको संरक्षण, संवर्द्धन र आत्म निर्णयको अधिकार पनि पार्दछन् ।

दक्षिण-दक्षिण, दक्षिण-उत्तर सम्बन्ध निर्माण

हामीले गाउँ स्तरदेखि लिएर अन्तर्राष्ट्रिय स्तर सम्मका क्षेत्रीय र अन्तरक्षेत्रीय सीमाहीन सम्बन्धहरुले निर्माण गर्नु छ । केही प्रकृयाहरु र

अभिरुचिहरुको शुरुआत भइसकेको छ । यस्तो एउटा अन्तरक्रियाले दक्षिणी थाइलैण्ड र उत्तरी मलेशियाका माझीहरुलाई समेटेको छ । अर्को सीमा रेखाले नछोएको सम्बन्धको विकास गर्ने क्रममा एउटा कार्यदलले अग्रसारिता लिई रहेको छ जसले एशियाको कृषि, कृषक र ज्यामीहरुको अस्तित्वका लागि काम गरिरहेछ । विद्यार्थी र युवावर्गको प्रतिनिधित्व गर्ने सहभागीहरुले किसान र उत्पीडित जनताहरु बीच सम्बन्ध कायम गर्ने तर्फ उत्सुकता प्रकट गरेका छन् । समानताको सिद्धान्तमा आधारित व्यापार सम्बन्धहरु उत्तरका जापान जस्ता उपभोक्ताहरु र दक्षिणका उत्पादकहरु (उदाहरण: निग्रोश र फिलिपिन्सका चिनी मजदुरहरु) बीच क्रमश: विस्तार हुँदैछन् र विकसित हुँदै गइरहेछन् ।

मुख्य फोरममा हामीले धुपै सीमा वन्धनमुक्त क्रियाकलापहरु र घटनाहरुको बारेमा जानकारी हासिल गर्‍यौं जसलाई विभिन्न मुलुकका विभिन्न समुदायहरुले सञ्चालन गरेका छन् र जसले विविध उद्देश्य र आकांक्षा राखेका छन् । यी विविध अग्रसारिता मध्ये जुन बारम्बार दोहोरिदै आएका छन् ती हुन् :

- महिलाहरु विशेष गरी थाइ महिलाहरुको लागि जो अन्तर्राष्ट्रिय देह व्यापारका (जापान आदि देशमा) साथै आप्रवासी महिला श्रम व्यापारका पनि शिकार भएका छन् उनीहरुको लागि आश्रय, पुनरोद्धार, कानूनी सहयोग, सर-सल्लाह, पुनर्एकीकरण जस्ता कामको लागि पारस्परिक सहयोगको आधारशीलालाई सम्बर्द्धन गर्ने ।
- क्रमिक रुपमा अभिवृद्धि हुँदै गइरहेका महिलाहरुका सम्बन्धहरुले लिंगभेदी, क्षेत्रीय, साँस्कृतिक र राष्ट्रिय सीमालाई नाघ्दै नोभेम्बर २५? १९९३ मा महिलाहरु माथि भएका हिंसात्मक अपराधका विरुद्ध कडा प्रतिवाद गरेका विषयमा ।
- जनजाती र उत्पीडित जनताका लागि राष्ट्रिय र अन्तर्राष्ट्रिय सहयोग परिचालन गर्दै सन् १९९३ लाई उत्पीडित जनताको वर्षको रुपमा स्थापित गरी उत्पीडित जनताको अधिकारलाई स्वीकार गर्ने अन्तर्राष्ट्रिय सन्धि र घोषणापत्रहरु सर्वसाधारण जनताको जातीय भाषामा अनुवाद हुनुपर्दछ र सबैले सजिलैसंग बुझ्ने स्वरुपमा सर्वसुलभ गराउनु पर्दछ ।

अन्तर साँस्कृतिक सम्बन्ध निर्माण

हामीले उदार संस्कृतिमा आधारित सम्बन्धहरुको निर्माण गर्नु पर्दछ जसले हामीमा हुर्किरहेका जनजातीय अन्ध-राष्ट्रियतावादी, स्थानीयतावादी र जातीवादी प्रवृतिहरुका बीच भएका विविधताहरुलाई आदर र सम्बर्द्धन गर्न सकोस् ।

पी पी २१ लाई निरन्तरता र उर्जा प्रदान गर्ने काम - दीर्घकालिन प्रक्रिया

हामीले स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा रहेका जन संगठनहरुको निर्णायक भूमिका र सहभागितालाई क्षेत्रीय समूह र संगठनहरुको सहयोगमा अभिप्रेरित र सम्बर्द्धन गर्नु पर्दछ ।

क्षेत्रीय स्तरमा पी पी २१ प्रक्रियाको निरन्तर पुनरावलोकनको कार्य सुनिश्चित गर्नका लागि एउटा न्यूनतम सुविधायुक्त प्रक्रिया प्रस्तावित गरिएको छ । पी पी २१ को भावी कार्यक्रमलाई स्वरुप र गतिशीलता प्रदान गर्ने निर्णय गर्नका लागि क्षेत्रीय समझदारी कायम गर्नै पर्दछ । अरु थुप्रै प्रस्तावहरुका अतिरिक्त केही विशिष्ट प्रस्तावहरु निम्न छन् -

- थाइ पी पी २१ का कार्यक्रममा सहभागीहरुको व्यक्तिगत विवरण सहितको सूची तयार गर्ने र प्रचार प्रसार गर्ने
- थाइ पी पी २१ का दस्तावेजहरुलाई स्थानीय भाषामा अनुवाद गर्ने (सहभागीहरु आफैंले यो काम गरेमा उपयुक्त हुने राय पेश भयो) ।

किनकि हामी हाम्रा वाचाहरु प्रति प्रतिवद्ध छौं तसर्थ हामी सदैव यस कुरामा सचेत छौं कि हामी शक्ति सिर्जना गर्दैछौं - यो शक्ति अन्य शक्तिशालीको निर्भरतामा आधारित छैन वरन् संपूर्ण विद्यमान उत्पीडक संगठनात्मक ढाँचाका वावजूद हाम्रो कार्य क्षमतामा आधारित छ । त्यो शक्ति हाम्रा क्रियाकलापका प्रक्रियाहरु आफैं निर्माण गर्ने र आफैं कायम राख्ने हाम्रो दृढ निश्चयमा आधारित छ, एक्काइसौं शदी तर्फ उन्मुख हुने भरपर्दा सम्बन्ध र समझदारीको निर्माण गर्ने र सिक्दै जाने हाम्रो क्षमता र आत्म विश्वासमा आधारित छ ।

बंगलादेशी दृष्टिकोण

एक्काइसौं शताब्दीका लागि जनताको कार्ययोजना:

अन्तरिक्षमा रहेको कुनै विशाल शक्तिद्वारा होइन वरु आफै भीत्रबाट सभ्यता दाउमा लगाइएको छ। मानवजातीको उमेर छिप्पिएपछि वडप्पनको तृष्णा जागे झैं पाइन्छ। खासगरी वितेका केही शताब्दीमा उदेश्यपूर्ण तरीकावाट जीवनका संपूर्ण लक्षणहरुलाई नष्ट गरिएको नतीजा देखिएको छ। यस्तो परिणाम ल्याउनका लागि प्रगतिलाई चम्किलो पार्ने वस्तुका रुपमा लोभ र महत्वकांक्षाले अन्यन्त महत्वपूर्ण भूमिका निर्वाह गरेका छन्। आगामी दशकमा भविष्यका दिनहरु पनि प्रतिक्षण अँध्यारो झन अँध्यारा हुदैछन। भाग्यले अतिरिक्त अरु बढी केही दिने छाँट छैन।

आज शक्ति सम्पन्न र विपन्न दुवैथरि विभिन्न कारणहरुले गर्दा वर्तमान विश्व व्यवस्थाका केही कुराहरु गम्भीररुपले त्रुटीपूर्ण भएको पाइदैछ। तथापि विकल्पहरुको खोजी गर्ने क्रममा के गर्न सकिन्छ भन्ने कुरा अत्यन्त कौतुहलपूर्ण वहसको विषय र समयको महत्वपूर्ण खोज हुन सक्छ। आद्योगिक सभ्यताले मानवजातिलाई अन्तरिक्ष माथि विजय हासिल गर्न समर्थ तुल्याएको छ तर यसका साथै वहु-वहुसंख्यक जनतालाई आधारभूत मानवअधिकारबाट समेत वञ्चित गरी मानवताको अवमूल्यन गरेको छ। आज धेरैजसो बंगलादेशीहरु आफूलाई सही उत्पीडित वहुसंख्यकको कोटीमा पाउंछन्।

इतिहास कहिल्यै पनि एकरुपले एउटै दिशामा अघि वढेको छैन्। सोह्रौं सत्रौं शताव्दी देखिकै चर्चा शुरु गर्ने हो भने पनि पूँजीवादको जन्म र विकासले आजका आधुनिक राष्ट्रहरुको निर्माण गरेको भए तापनि यसको प्रक्रिया अझै जारी छ। १९७१ मा भएको एउटा शक्तिशाली रक्तरंजित आन्दोलनको माध्यमवाट वंगलादेश एउटा राज्यको रुपमा स्थापित हुनु त्यो प्रक्रियाको एक अंश हो।

वंगलादेशको जन्मले यहाँ'का जनतामा अत्यन्त धेरै आकांक्षाहरु पलाएका छन्। वंगलादेशलाई एउटा छुट्टै राष्ट्रको रुपमा स्थापित गर्नु पर्ने आधारभूत कारण मध्ये यसलाई एउटा पिछडिएको, अर्ध-सामन्ति, सामाजिक आर्थिक पृष्ठभूमिवाट विकसित गरी आफ्नै उत्पादन क्षमतामा आधारित आन्मनिर्भर राष्ट्र बनाउनु थियो। स्वयम् रोजगारदाता निजी उद्यमीलाई प्रोत्साहित गर्नु यसको लागि मार्गदर्शन बन्न

सक्थ्यो । यसको सट्टा स्वतन्त्रताताका शुरुका वर्षहरुमा समाजवाद तर्फ भएका अधकल्चा प्रयोगहरु दुर्गतिमा परिणत भए । दुर्भाग्वश विश्व परिप्रेक्ष्यमा एकलकाटे राष्ट्रिय विकासको युग आफ्नो अन्तिम सास गन्दै थियो । आधा दशक भित्रै वंगलादेशीहरु दिवास्वप्नबाट ब्युँझे झैं निरास भए ।

विगत दुई दशकका धेरैजसो वर्षहरुमा प्रजातन्त्र, यहाँसम्मकि प्रतिनिधिहरुको सहभागिता पनि व्यारेकमा बन्दी जीवन व्यतित गर्न बाध्य भएको छ । अत्यन्त शक्तिशाली केही अल्पसंख्यक व्यक्तिले संपूर्ण देशको भाग्यको फैसला गर्दछन् । व्यापार पूँजीले मुलुकको अर्थतन्त्रको सम्पूर्ण क्षेत्र निर्धारण गर्दछ । जमीनमा पर्याप्त मात्रामा स्वच्छ लगानी गर्ने मार्गमा प्रमुख वाधक तत्व प्रभावकारी जमीन व्यवस्थापन पद्धतिको अभाव हो । औधोगिकीकरणको कुनै अत्तो पत्तो नै छैन । परिणाम स्वरुप अर्थतन्त्र करिव करिव पूर्णत: अवरुद्ध छ र समाजमा अनियन्त्रित हिंसाको बढोत्तरी भइरहेछ । मिलिटरी कर्मचारी तन्त्रको वोझले लादिएको राज्य यन्त्रले विकास प्रयत्नलाई नजर अन्दाज गर्दछन् । खासगरी महिला, केटाकेटी र सामान्यत: आर्थिक दृष्टिले कमजोर वर्गलगायत अल्पसंख्यक जनजाती यस्तो राज्य यन्त्रका शिकार भएका छन् । केवल अस्तित्वको लागि संकट यति विशाल भएको छ कि संवेदनशील वातावरवणीय चासोका विषयहरु पनि मुश्किलले गम्भीरताका साथ लिइन्छन् । यस अतिरिक्त प्राकृतिक प्रकोपहरु नियमित प्रकृया झैं भएका छन् ।

यी सवैलाई उछिन्ने कुरा चाहीं विभिन्न अन्तर्राष्ट्रिय वित्तिय संस्थाहरुद्वारा लादिएको कडा आर्थिक अनुशासनयुक्त विशाल ऋणराशीले वंगलादेशलाई नियमितरुपले सास फेर्न पनि नसक्ने गरी धराशायी तुल्याएको छ । स्वस्थ्य सामाजिक विकाशको अभावमा अधिनायकवादले विभिन्न रुपमा फस्टाउने मौका पाएको छ । वंगलादेशी अवस्थामा यसले धार्मिक कट्टरपन्थको जामा लगाएको छ । वहुसंख्यक जनताको अशिक्षबाट नाजायज फाइदा उठाउदै शासक वर्गले अनिश्चित सीमा सम्म जनताका धार्मिक संवेदनशीलतालाई उक्साएको छ र यसबाट कट्टरपन्थी महत्वकांक्षा जन्माउनका लागि आधार तैयार गरेको छ । यसका अतिरिक्त अर्को तर्फ धर्मका विशिष्ट र भावपूर्ण संकेतहरुका विविध पक्षहरुवाट पूर्णत: स्वतन्त्र हुन व्यावहारिक रुपमा असफल हुन्छ । दुवै मिलेर घीनलाग्दो धार्मिक अधिनायकवादलाई फैलाउन योगदान पुऱ्याएका छन् ।

वंगलादेशले आज आफूलाई गरीवीको चक्रव्यूहमा, विभाजित अर्न्तद्वन्द्वहरुमा र अन्तर्राष्ट्रिय घुसपैठमा जकडिदिएको पाएको छ। वास्तवमा धेरथोर यो परिदृश्य वाँकी सवै विकासोन्मुख मुलुकहरुमा देख्न पाइन्छ तर संसारको सबभन्दा बढी जनघनत्वको वोझ थाम्नु पर्ने मुलुकको रुपमा भने वंगलादेशले थप डरलाग्दो सपना देख्नु परेको छ।

विकासोन्मुख मुलुकहरुमाथि उत्तरले निरन्तर रुपमा स्वतन्त्र वजार र स्वतन्त्र समाज नामक अस्त्रहरुद्वारा गोलावारी गरेको छ। तर जव यसले व्यापार वन्देजहरु हटाउनु पर्ने वध्यता सिर्जना हुनेछ तव स्वतन्त्र अन्तर्राष्ट्रिय वजार भन्ने कुरा दन्त्यकथामा परिणत हुनेछ। वहुराष्ट्रिय कम्पनीका उत्पादनहरुले पूँजीको धुवीकरणका कारणले गर्दा अधिनस्थ मुलुकहरुमा गहिरो घुसपैठ गरी नाजायज ढंगले एकतर्फी रुपमा स्वतन्त्र वजारको सुविधा उपभोग गर्न पाएका छन्। तर मुख्य रुपमा जनशक्ति लगायतका यी मुलुकहरुमा उपलब्ध धेरै जसो उपमोग्य वस्तुहरु माथि यो स्वतन्त्रता लागु भएको छैन। यस्तो दोधारे स्तरलाई कायम राख्नु नै वर्तमान विश्व व्यवस्थाको ""खुवी" भएको छ। यो अवस्थालाई निरन्तरता प्रदान गर्न औद्योगिक मुलुकका शासक वर्गले घुसपैठ, चालवाजी र उनीहरुका शक्तिशाली सैनिक तन्त्रको प्रयोग जतिखेर जहाँ आवश्यक पऱ्यो त्यतिखेर त्यहीं गर्दछन्। उनीहरुको थिचोमिचोलाई सर्वोच्च शासनको रुपमा स्वीकार्नै पर्छ अन्यथा असभ्य कहलिइन्छ।

वास्तविकतामा, केन्द्रिकृत राष्ट्रहरु स्वभावैले उत्पीडक छन्। तर धेरैजसो विकासोन्मुख विश्वका अधिकांश शासक वर्गहरुले पश्चिमाहरुको अनुसरण गर्ने प्रयत्न स्वरुप हरसंभव उपायहरु अवलम्वन गर्ने क्रममा आफूलाई करिव-करिव सैनिक राज्यमा परिणत गरेका छन। अत्यन्त निकट गठवन्धनमा वाँधिएका राष्ट्रिय र अन्तराँष्ट्रिय संगठनहरुले प्रभाव र अभिरुचिको एउटै साझा मूलद्वार कायम गरेका छन्। अलग अलग राष्ट्रको लागि उनीहरुका निर्णयहरुले दूरगामी प्रभाव पार्दछन तर उनीहरुको नियन्त्रण भित्रै रहन्छन्। यद्यपि शासक वर्गका विरुद्ध प्रत्येक देशका सर्वसाधारण जनता दह्रो नागरिक समाज र नयाँ विश्व-व्यवस्था निर्माण गर्नका लागि दिलोज्यानले लागि पर्नेछन्।

वर्तमान परिवर्तनका तत्वहरु वंगलादेश जस्ता मुलुकहरुको लागि अपर्याप्त सावित भएका छन्। राजनैतिक क्षेत्र आफ्नै झूठो आश्वासनमा जकडिएको छ।

गैह्र सरकारी संस्थाहरु शक्ति र राष्ट्रको विरुद्ध प्रश्न उठाउन असमर्थ छन् । लोकप्रिय आन्दोलनहरु एकलकाटे स्वभावका छन् । यिनीहरुको प्रभाव अत्यन्त सीमित छ । यी सबै शक्तिहरुको साझा प्रयासले मात्र नागरिक समाजको सिर्जना गर्ने काम पार लगाउन सक्छ । यसको लागि पिपि २१ समिति संभवत एउटा उपयुक्त मञ्च हुन सक्छ ।

समन्वय समिति
पि पि २१ वंगलादेश
फेब्रुअरी १९९३

विभिन्न योजना बैठकका निस्कर्षहरु

काठमाडौं पी पी २१ : दक्षिण एशियाली अभिप्रेरक बैठक

पी पी २१ अन्तर्गतको दक्षिण एशियाली अभिप्रेरक बैठक गत फरवरी १६-१७ (१९९३) मा काठमाडौंमा सम्पन्न भयो । जापान पी पी २१ (१९८९) बैठक र थाइल्याण्ड पी पी २१ (१९९२) बैठककै अनुगमन गर्ने क्रममा सम्पन्न यस बैठकमा दक्षिण एशियाका गैर सरकारी स.स्थाहरुबाट ३७ जना प्रतिनिधिहरुले भाग लिएका थिए । काठमाडौं बैठकले अघि सारेका सवालहरु छोटकरीमा निम्नानुसार छन् ।

सोभियत रुसमा साम्यवादी सरकार असफल भएपछि सिंगै विश्वमा दुई प्रकारका असरहरु देखापरेका छन् - पूँजीवाद नै एक मात्र विकल्प हो भनेर तर्क पेश गर्नु पहिलो हो भने एशिया र पूर्वी यूरोपका सीमाहरुको पुनरसंलग्नताले जातीय राजयको अवधारणा प्रति पुनर्विचार गर्नुपर्ने स्थिति दोस्रो हो । एकातर्फ क्षेत्रीय र विश्वव्यापी संस्थाहरुको माध्यमबाट सिंगै विश्व नजीक हुन गइरहेकै बेला अर्कातर्फ जनता भने आफ्नो बेग्लै अस्तित्वको लडाइँमा भिड्दै छन् । हामी चाहौं वा नचाहौं उत्तरतिरबाट नयाँ विश्व संरचना लादिइँदैछ । तर विद्यमान नमूनालाई सकार्ने वा नकारेर आफ्नै सृजना गर्ने भन्ने सवालमा हामी छनौट गर्न सक्छौं । दक्षिणपन्थी अवसरवादीहरुले धर्मलाई राजनीतिकरण गरिरहेका छन, मन्दिर तथा मस्जिदहरु भत्काइदै छन र मानवता विनाश भइरहेछ, यस अवस्थामा एउटा साझा धर्म खडा गरिनुपर्छ अनि धर्मको प्रगतिशील परिभाषा तैयार गरेर समग्र क्षेत्रमा वितरण गर्नुपर्ने भएको छ ।

प्रजातन्त्र समयको माग हो यसमा दुईमत छैन । तर समाजका कमजोर सदस्यहरु जस्तै महिला, आदिवासी, गरीब तथा बालबालिकाहरुलाई पाखा लाउने काम भइरहेको छ । आफ्नो प्रतिनिधित्व नहुन्जेलसम्म व्यक्ति आफ्नो कुनै अधिकारप्रति विश्वस्त हुन सकैन । राष्ट्रहरु असफल सिद्ध भएका छन् र जनताको SAARC निर्माण गर्नु पर्ने भएको छ । पी पी २१ ले आगामी दिनहरुमा अझ सकारात्मक भूमिका निर्बाह गर्नु जरुरी छ । सरकारको बैकल्पिक शक्ति तथा हाम्रो आपसी ज्ञान तथा समझदारीको कमीलाई पूरा गर्न एक वैकल्पिक संचार माध्यमको खाँचो छ । यस क्षेत्रका मुलुकहरुमा विद्यमान अन्यायपूर्ण नियमहरुलाई

कानूनी बैधानिकता दिन न्यायपालिकाहरु समेतलाई दुरुपयोग गरिदिनाले गर्दा न्यायपालिकाप्रति जनताको विश्वास घट्नु स्वाभाविकै हो। अतएवं न्यायपालिकालाई स्वतन्त्र पार्नु नितान्त आवश्यक छ। सांप्रदायिक दंगा र धार्मिक कट्टरतावाद, संरचनात्मक समायोजन, वातावरण, आदिवासी जनता तथा आणविकीकरण एवं बढ्दो सैनिकीकरण जस्ता सवालहरुमा यस बैठकले समूहगत छलफल चलाई प्रतिवेदन पेश गर्ने काम गरेको थियो।

मद्रास पी पी २१: दक्षिण एशियाली साझेदारहरुको बैठक

पी पी २१ दक्षिण एशियाली साझेदारहरुको प्रथम बैठक अगष्ट २६-२८ (१९९३) मा मद्रासमा संपन्न भयो। एशिया प्रशान्त क्षेत्रका लगभग १०० प्रतिनिधिहरु तथा २०० भन्दा बढी किसान, माझी, झुप्रावासी तथा अन्य पिछडिएका एवं उपेक्षित समुदायका सहभागीहरुले आफूले बेहोर्दै गरेका विविध समस्याहरु उपर गंभीर छलफल गरी प्रतिवेदन तैयार गरे।

विश्व वैंक र अन्तर्राष्ट्रिय मुद्रा कोषका प्रभावमा तेस्रो विश्वको अर्थतन्त्रलाई विश्वव्यापीकरण गर्ने जस्ता हालैका घटनाहरुको परिणाम स्वरुप एशियाका करोडौं करोड जनतामाथि खराब असर परिरहेको छ। नयाँ आर्थिक नीतिहरु सीमित सुविधाभोगी वर्गको हितमा छन् र मुलुकहरु परनिर्भर बन्न पुगेका छन्। आयातित कृषि र भीमकाय परियोजनाहरुले वातावरणीय ह्रास र खाद्यान्नको अभाव उत्पन्न गराउनुका साथै जनताहरुलाई उनीहरुको देश, संस्कृति तथा सामाजिक संपदाबाट विमुख गराइरहेका छन्। मानवीय इज्जत र हकलाई दाउमा लगाएर यी सब भइरहेका छन्।

यस परिप्रेक्षमा बैठकले गैरसरकारी क्षेत्रका योजनाकार तथा प्रशासकहरुलाई आफ्नो साधन र स्रोतलाई हेरी गरीब, पिछडिएका तथा जातिच्युत गरिएका जनताहरुको उत्थान उवं मुक्ति प्रदान गर्न सक्ने जनमुखी तथा विकेन्द्रीकृत वैकल्पिक विकास योजनाका प्रकृयाहरु निर्माण गर्न अपील गऱ्यो। समूहगत कार्यशालाबाट प्रस्तुत भएका प्रतिवेदनहरुको सारसंक्षेप निम्न अनुसार छ।

महिला संबन्धी कार्यशालाका सहभागीहरुको प्रतिवेदन :-

- महिला अधिकार हननलाई मानव अधिकार हनन कै रुपमा लिनुपर्छ
- भेदभावपूर्ण कानूनहरु संशोधन गरिनुपर्छ, हरप्रकारका धार्मिक कट्टरतावादलाई निन्दा गर्नुपर्छ र परंपरागत विवाह प्रथा परिवारको विकल्प खोज्न सबैलाई प्रेरित गर्नुपर्छ । हर क्षेत्रमा रहेका महिला पुरुष असमानतालाई समाप्त गर्नुपर्छ । जातिवाद तथा सांप्रदायिक दंगाबाट महिलाहरु नै बढी उत्पीडित भइरहेको कुरा बिर्सिनु हुन्न ।
- "मालिक होइन, हिस्सेदार चाहान्छौं हामी" महिलाहरुको आवाज हो,
- "मानव बन" भन्ने अनुरोध सबै पुरुषहरुसमक्ष ।

माझी (माछा मार्ने पेशामा संलग्न) संवन्धी कार्यशालाका सहभागीहरुको प्रतिवेदन:

पेशागत रुपमा माछापालन, उनीहरुको शिक्षादीक्षा निम्ति कलेज, विश्वविधालय खडा गर्नु पर्ने, गाउँ तथा जिल्लाका सरकारी निकायहरुमा माझी नेताहरुको प्रतिनिधित्व गराइनुपर्ने, माझीहरुलाई सबै किसिमका ऋणबाट मुक्त गर्नुपर्ने, तथा उनीहरुलाई आधारभूत सुविधाहरु उपलब्ध गराइनुपर्ने उल्लेखनिय छ ।

औद्योगिक कामदारसंबन्धी कार्यशालाका सहभागीहरुको प्रतिवेदन:

विश्व वैंक, अन्तराष्ट्रिय मुद्रा कोष र एशियाली विकास वैंकका कार्यक्रमबाट सरकारलाई उद्योगहरु निजीकरण गर्ने वा राष्ट्रियकरण गर्नेतिर उक्साएको संबन्धमा छलफल गरी गलत औधोगिक नीतिकै कारण मजदूरहरु बेरोजगार बनेका छन् र बंधुवा मजदुर बन्न विवश छन्। सरकारको मजदुर विरोधी नीति लगायत पुनरसंरचना कार्यक्रम, अन्तराष्ट्रिय मुद्राकोष तथा विश्व वैंकका गलत रवैयाको विरुद्धमा मजदुरहरुको आन्दोलन चर्काउनु पर्ने आवस्यकता ठहर भयो ।

त्यसै गरी प्रजातन्त्र विकास र मानवअधिकार संबन्धी कार्यशालाका सहभागीबाट पनि औधोगिक कामदारहरुको हकहित संरक्षण गर्नका लागि अन्तराष्ट्रिय मुद्राकोष तथा विश्व वैंकका कार्यक्रमको विरोधमा अभियान चलाउनु पर्ने, सांप्रदायिकता, जनजातिप्रति द्वेष भाव र अल्पसंख्यक जनसमुदायको उपेक्षाका

विरुद्धमा अभियान चलाउने अनि शान्ति तथा सुव्यवस्था कायम गराउने, मानवअधिकार संयन्त्र र संस्थाहरुलाई मानवअधिकार हनन्का कुराहरु उजागर गर्ने प्रकृयाको तालीम दिनुपर्ने र कामदारहरुको हकलाई मानवअधिकारको हकमै उठाउने कुराहरु प्रस्तुत भए ।

शहरी सवाल संबन्धी कार्यशालाका सहभागीहरुले दिएको प्रतिवेदनः

अहिलेका शहरहरुले सस्तो-मस्तो मजदुरी प्राप्त गर्नका लागि झुप्राको जन्म दि ए र त्यहांका बासिन्दाहरुलाई सबै सुविधाबाट बंचित पनि गरे । झुप्राबासीहरुलाई सचेत पार्नुपर्छ र उनीहरुको मानवअधिकार वहालीका निम्ति आन्दोलित गरिनुपर्छ ।

किसानहरुसंबन्धी कार्यशालाका सहभागीहरुले दिएको प्रतिवेदनः दक्षिण एशियाली मुलुकहरुको सुकुम्बासी समस्या हल गर्न जायज किसिमको भूमिसुधार कार्यक्रम लागू गर्नुपर्ने, गरीब तथा उपेक्षित समुदायको उत्थानका निम्ति राष्ट्रले नै बजेट छुट्याउनु पर्ने अनि आधारभूत संरचना तय गर्नुपर्ने भूभिहीन कृषि मजदुरको न्यूनतम ज्याला दिलाउनु पर्ने, महिला र पुरुष कामदारलाई बराबर ज्याला तोक्ने अनि लागू गराउनु पर्ने कुरा प्रमुख थिए ।

आदिवासी जनता संबन्धी कार्यशालाका सहभागीहरुको प्रतिवेदनः

यसमा वर्तमान विकासका नीतिहरु एवं कार्यक्रमहरुले आदिवासीका सांस्कृतिक, सामाजिक, एवं आर्थिक जीवन तहसनहस भएको तथ्य उल्लेख छ । उनीहरुको ज्ञान र क्षमतालाई पुनर्जीवन प्रदान गर्दै गौरवपूर्ण ढंगले विकास कार्यमा सहभागी गराउनुपर्ने र यो वर्ष आदिवासी वर्ष भएको हुंदा त्यसै तथ्यलाई चरितार्थ गराउने गरी यस क्षेत्रका सरकारहरुलाई कार्यक्रम तयार गर्न अपील गर्ने कुरा उल्लेख छ ।

वातावरण संबन्धी कार्यशालाका सहभागीहरुको प्रतिवेदनः

ठूला बांधहरु र धेरै तले भवनहरु बनाउन रोक्ने, रसायनिक भण्डार तथा दुर्घटनाको प्रबन्धबारे जनताको सूचना प्राप्त गर्ने हकको संरक्षण गरिनुपर्ने, औद्योगिक प्रदूषण र वातावरणीय क्षयबारे जनतालाई सचेत पार्नु पर्ने जस्ता कुरा मुख्य रुपमा उठाइएको थियो ।

बालश्रम संवन्धी कार्यशालाका सहभागीबाट प्राप्त प्रतिवेदनः

दक्षिण एशियाका मुलुकहरुलाई बालश्रम रोक्न लगाउने, सबै धार्मिक नेताहरुलाई बाल दासता विरुद्धमा बोल्न लगाउने, राजनैतिक पार्टीहरुलाई बालश्रम विरुद्ध कार्यक्रम बनाउन लगाउने, शिक्षाको सर्वव्यापकता लागू भएको कुरा सबैलाई प्रष्ट गराउनु पर्ने जस्ता कुराहरु प्रमुख थिए ।

दलित संबन्धी कार्यशालाका सहभागीहरुको प्रतिवेदनः

दलितहरुको नगन्य मात्रामा भूस्वामित्व कायम रहेको र माथिल्ला जातकाहरुले विधायिका, न्यायपालिका, सरकारी निकाय एवं जागीर, उद्योग, व्यापार एवं शिक्षामा एकलौटी मनोमानी गरेको कुरा प्रष्ट्याइएको छ । दलितहरुलाई भूस्वामित्व उपलव्ध गराउन प्रभावकारी भूमिसुधार कार्यक्रम लागू गर्नुपर्ने तथा उनीहरुलाई साँच्चै मुक्ति दिलाउने हो भने छुट्टै पुनर्बासको व्यवस्था हुनुपर्ने, भारतको सन्दर्भमा आरक्षणबाट उत्पन्न विभेद, भ्रष्टाचार तथा झुठा प्रमाणपत्रको निराकरण हुनु पर्ने, दलित जातिप्रति जातीय भेदभाव गर्दा मुआवजा स्वरुप एक लाख रुपैयाँ र पाँच एकड जमीन उपलव्ध गराउनु पर्ने, जातीय भेदभाव रोक्न निर्मित कानून लागू गर्नु पर्ने जरुरी छ । माथिल्ला जाति तथा शासकवर्गले दलित उत्थान र विकासका प्रयासलाई सदैव दमन गर्दै आएको कुरा पनि औंल्याइयो । नेपालमा अछुत भनिएका जातिहरुलाई सार्वजनिक स्थलमा समेत प्रवेश गर्न नदिएको प्रसंगप्रति निन्दा गरियो । नेपालमा उत्पीडित जातिमाथि भइरहेको अमानवीय व्यवहारप्रति मानवअधिकारवादी संस्थाहरुको बेवास्ता प्रति नेपालका दलित प्रतिनिधिले चिन्ता व्यक्त गरेका थिए । नेपालमा दलितका निम्ति आरक्षणको व्यवस्था नभएकोमा दुःख प्रकट गर्दै नेपालमा जातिय छुवाछुत प्रथा अन्त्य गर्न आन्दोलनले एक अभियान चलावस् भन्ने माग गरियो ।

विस्थापित नागरिक संबन्धी कार्यशालाका सहभागीहरुको प्रतिवेदनः

गरीबहरु तथा अल्पसंख्यक समुदायमाथिको बढ्दो उपेक्षा, उत्पीडन र विभेदले सामाजिक उत्तेजना पैदा गराएको छ, जातिय धार्मिक संघर्ष गृहयुद्ध आदिको जन्म दिएको छ । यस्तो अवस्थामा सरकारहरुले पुलिस एवं सेनाद्वारा दमन लादेको कारण असंख्य जनता विस्थापित भएका छन् र शरणार्थी बन्न विवश भएका छन् ।

श्रीलंका नै यसको ज्वलन्त उदाहरण हो जहाँ दशौं वर्षदेखि गृहयुद्ध जारी छ। फलस्वरुप सात लाख भन्दा बढी जनता विस्थापित भएका छन्। अनेकौं कारणले जनता विस्थापित हुने गर्छन र विस्थापित जनताको जायज विरोधलाई सरकारहरुले दमन गरिरहेकै छन्। यस पी पी २१ ले त्यस्ता विस्तारित कार्यक्रमहरु अगाडि बढाउन जरुरी छ जसले सरकारका यस्ता खाले जनविरोधी गतिविधिहरुलाई रोक लगाउन सकियोस।

बैठक सकिने दिन प्रतिनिधिहरुले आ-आफ्ना मुलुकका सहभागीहरुको समूहभित्र आफ्ना मुलुकका समस्याहरु पहिल्याउने र प्रथमिकता निर्धारण गर्ने काम गरे। भारत, नेपाल, श्रीलंका, माल्दीभ्स, पाकिस्तान र बंगलादेशका प्रतिनिधिहरुले आ-आफ्ना समुह-छलफल चलाए। नेपाल समुहमा प्राथमिकताका आधारमा उठाइएका समस्याहरुमध्ये महिला र बालबालिकाको व्यापार प्रमुख रह्यो। यस देशबाट प्रतिवर्ष लाखौंलाख महिला तथा बालबालिकाहरु भारतमा लगेर बेचबिखन गरिन्छ। खास गरी पिछडिएका तथा उत्पीडित जातिका महिला तथा बालबालिकाहरु बढी मात्रामा यसको शिकार भएका छन्। एड्स जस्तो भयंकर रोग पनि अब मुलुकमा भित्रिएकोले संकट झन बिकराल हुँदै छ। अर्को सवाल पानि, नदी तथा वातावरणको उठ्यो। जल संपदाको लागि विश्वकै दोस्रो मानिने नेपालमा ९५०० इन्धन शक्ति परम्परागत पद्धतिबाट परिपूर्ति गरिनाले जंगल विनास भएको छ। भारत-नेपालको "राष्ट्रिय-चाहना" को नाममा बनेका जल-योजनाहरुबाट जनतालाई फाइदा भन्दा दुर्भाग्य बढी बेहोर्नु पर्छ। "सांप्रदायिकता" अर्को सवालको रुपमा उठ्यो। अरु क्षेत्रमा जस्तो सांप्रदायिकताले टाउको उठाएको छैन तापनि जातिपाती र छुवाछुत प्रथा चरम सीमामा छ। मुलुकको आर्थिक तथा सांस्कृतिक जीवनमा माथिल्ला जात भनिने शासक वर्गको आधिपत्य छ। उच्च जातिका भनिने अल्पसंख्यक हिन्दूहरुले बहुसंख्यक अन्य जाति एवं धर्मावलम्बी माथि एकछत्र शासन-शोषण गरेका छन्। त्यसपछि शरणार्थी संबन्धी सवाल उठाइयो। यस अन्तर्गत भूटानबाट अमानवीय दमनको शिकार भई नेपाल पसेका शरणार्थीबाट सिंगै मुलुकमाथि थप समस्या उत्पन्न हुनु चिन्ताको विषय हो। र, अन्त्यमा आदिवासी जनताको सवालमा चर्चा गरियो। अन्यत्र जस्तै नेपालका आदिवासीहरु पराधिन, अविकसित तथा पिछडिएको स्थितिमा छन्। सरकारको एकभाषा नीति तथा अधिनायकवादी शैक्षिक तथा सांस्कृतिक प्रकृयाद्वारा आदिवासीहरुको आफ्नो भाषा तथा संस्कृतिमा संकट उत्पन्न भएको छ। राज्यले उनीहरुलाई कहीं पनि स्थान नदिएकोले उनीहरुको अस्तित्व नै लोप हुने खतरा उत्पन्न भएको छ।

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा हालसम्म प्रकाशित पुस्तक पुस्तिकाहरु

१. मानवअधिकार सामान्य ज्ञान (ए.बी.सी. अफ ह्युमन राईट्स) - उपलब्ध
२. मई दिवस कसरी मनाईँदै छ ? - उपलब्ध
३. वातावरण संरक्षण : केही व्यावहारिक कुराहरु - उपलब्ध
४. साउथ एसिया - ह्युमनराईट्स ईन डिफीकल्ट सरकम्स्ट्यान्सेज (अंग्रेजी) - उपलब्ध
५. भिक्टीम डुमेन्स् फोरम (अंग्रेजी) - उपलब्ध
६. उत्पीडित महिला मंच - उपलब्ध

आम चुनावका क्रममा प्रकाशित पुस्तिकाहरु

७. निर्वाचन कार्यविधि ग्रामीण मतदाता सचेतन कार्यक्रम अन्तर्गत - उपलब्ध
८. ग्रामीण मतदाता सचेतन कार्यक्रम : एक परिचय - अनुपलब्ध
९. प्रजातन्त्र, महानिर्वाचन र धार्मिक सद्भावना (ग्रामीण मतदाता सचेतन कार्यक्रम अन्तर्गत) - अनुपलब्ध
१०. आम निर्वाचनमा मतदाताको अधिकार र कर्तव्य - अनुपलब्ध
११. हर्क बहादुरले कसलाई भोट हाल्दछन् ? - अनुपलब्ध
१२. हरियाले आब निर्धक्क भके भोट देन (मैथली) - अनुपलब्ध
१३. स्वतन्त्र तथा निष्पक्ष चुनावका पूर्वाधारहरु विषयक गोष्ठीको प्रतिवेदन - अनुपलब्ध
१४. नेपाल एवेरनेस प्रोग्राम इन इलेक्सन (अंग्रेजी) - अनुपलब्ध
१५. इलेक्सन अब्जरभेसन रिपोर्ट, जनरल इलेक्सन १९९१, नेपाल (अंग्रेजी) - अनुपलब्ध

मानवअधिकार तथा सामाजिक सचेतन अभिवृद्धि कार्यक्रम अन्तर्गतका प्रकाशनहरु

१६. कारागार सम्बन्धी व्यवस्थाको जानकारी - अनुपलब्ध
१७. नेपाल अधिराज्यको संविधान २०४७ र मानवअधिकारहरु - उपलब्ध
१८. मानवअधिकार घोषणा पत्र - सचित्र पुस्तक - उपलब्ध
१९. मानवअधिकार संगालो (सं.रा. संघद्वारा पारित केही दस्तावेजहरु) - उपलब्ध
२०. मानवअधिकारको सरल संस्करण - उपलब्ध
२१. मानवअधिकार प्रशिक्षक - उपलब्ध
२२. प्रस्तावित बाँधा श्रम प्रणाली उन्मूलन ऐन - उपलब्ध
२३. उनीहरु कहाँ छन ? - उपलब्ध

सर्भेक्षण / अनुसन्धान

२४ भूटान (भूटानको मानवअधिकार आन्दोलन बारे) - अनुपलब्ध
२५. द भूटान ट्रेजडी : व्हेन बील ईट ईण्ड (अंग्रेजी) - उपलब्ध
२६. नेपालमा कमैया प्रथा भित्र बाँधा मजदुर - उपलब्ध
२७. बोण्डेड लेबर ईन नेपाल अण्डर कमैया सिष्टम (अंग्रेजी) - उपलब्ध

नियमित प्रकाशनहरु

२८. इन्सेक बुलेटिन (द्वैमासिक)
२९. प्राची, मानवअधिकार द्वैमासिक
३०. मानवअधिकार वर्ष पुस्तक-१९९२
३१. ह्युमन राइट्स एयर बुक-१९९२ (अंग्रेजी)

"जनताले सामूहिक रुपले आफ्नै एक्काइसौं शताब्दीको निर्माण गर्नै पर्दछ ।" - मिनामाता घोषणपत्रको मूल सन्देश यही थियो । "एक्काइसौं शताब्दीका लागि जनताको योजना" पी.पी. -२१ जापानमा भव्यताका साथ सम्पन्न भएको थियो । दोश्रो "पी.पी. -२१ -भेला" सन् १९९२ को डिसेम्बरमा थाइल्याण्डको राजधानी बैंककमा महिला, मानवअधिकार र शान्ति, विकास र वातावरण, मजदूर, किसान आदि विविध क्षेत्रका मानिसहरुको छुट्टा छुट्टै भेला सम्पन्न भएको थियो । मूल भेलामा जनअदालत जस्तो उल्लेखनीय कार्यक्रमको पनि आयोजना भएको थियो । त्यहाँ कठीन परिस्थितिमा बाँच्न बाध्य पारिएका बर्मा, बँगलादेशको चटगाउँ पहाडी इलाका, भुटान आदिका बासिन्दाहरुका बारेमा विशेष ढंगले कुरो उठाइएको थियो ।

भव्यताका साथ सम्पन्न भएको सो भेलामा आगामी पी.पी.२१ दक्षिण एशियामा आयोजना गर्ने प्रस्ताव दक्षिण एशियालीहरुका तर्फबाट राखिएको थियो ।

अब पी.पी. -२१ आगामी सन् १९९५ मा पुनः आयोजित हुँदैछ । कतिपय गैरसरकारी संस्था एवं आन्दोलनमूखी संस्थाहरुको विचारमा अबको "पी.पी. २१" विशेषतः दक्षिण एशिया माथि केन्द्रीत हुनु राम्रो हुन्छ । थाइल्याण्डको "पी.पी -२१" पश्चात यसका कतिपय तयारी बैठकहरु ढाका, काठमाण्डौ र मद्रासमा गरी सम्पन्न भई सकेका छन ।

एक्काइसौं शताब्दीका लागि जनताको योजना - पी.पी. २१ एशिया प्रशान्त क्षेत्रका गैरसरकारी एवं आन्दोलनमूखी संस्थाहरुको संयुक्त पहल हो । यो पहल वित्त आँटेको शताब्दीका निराश र कुण्ठाहरुका लागि आगामी शताब्दीको द्वारमै प्रवेश निशेध झुण्डाउनु पर्छ भन्ने उद्देश्यले अभिप्रेरित छ । अनि यो पहल एक्काइसौं शताब्दीलाई स्वागत गर्न जनस्तरबाट आफ्नै कार्यक्रमको तय हुनु पर्छ भन्ने मान्यताका साथ अघि बढी रहेको छ ।